पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेबसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३० अङ्क : ३३ २०६९ चैत १६ गते शुक्रबार (March 29, 2013) मूल्य रू. ७/-

## प्रचण्डलाई झाको झापु



जनकपुर । एमालेका जल्दाबल्दा मधेशी नेता रामचन्द्र झालाई पार्टी प्रवेश गराउन जनकपुरमा आएका प्रचण्ड भाषण गरेर 'रित्तो हात' फर्केका छन् । डा.रामवरण यादवले यही क्षेत्रबाट चुनाव जितेर राष्ट्रपति बनेकाले म पनि मधेशबाटै चुनाव लड्छु भनेर आफू मधेश पक्षीय भएको भाषण ठोकेर फर्किएका प्रचण्डलाई त्यतिखेर धक्का लाग्यो जब समारोहमा एमाओवादी प्रवेश गर्न एमालेका नेता रामचन्द्र झा र उनको टोली आएन । पार्टी प्रवेशको अन्तिम टुंगो लागेपछि प्रचण्ड जनकपुर आएका थिए । अन्तिम अवस्थामा (बाँकी अन्तिम पेजमा)

# वैद्यको विद्रोहले खिलराजको निद्रा हराम

काठमाडौं । नेकपा-माओवादीका अध्यक्ष मोहन वैद्यले निर्वाचन बिथोलेरै देखाइदिने तयारी गरेपछि प्रधानन्यायाधीश खिलराज रेग्मीले सम्हालेको मन्त्री परिषदको अध्यक्षको पद नै 'घाँडो' बन्ने संकेत देखिएको छ ।

नेकपा-माओवादीले आफ्ना लडाकु कार्यकर्ताहरूलाई 'चुनाव बिथोल्ने' प्रशिक्षण दिन थालेको छ भने २ सय ४० निर्वाचन क्षेत्रलाई 'युद्ध मोर्चा'का रूपमा लिएर चुनावमा आउने शीर्ष नेता र चारै दलका नेतामाथि 'प्रहार' गर्न परिपत्र जारी गरेको छ । विदेशी ताकतले चुनावको समर्थन गर्दै सहयोगी हात बढाए पनि 'विद्रोही' शक्तिले आफ्नो अस्तित्व रक्षाका लागि राष्ट्रिय मुक्ति आन्दोलन सुरु गर्ने धमास दिएपछि निर्वाचन मिति घोषणा गर्न तम्तयार भएको सरकार र निर्वाचन आयोग, प्रमुख चार शीर्ष दलहरूको सुपर संयन्त्रसँग छलफल गर्न थालेका छन् ।

नेकपा-माओवादीका अध्यक्ष मोहन वैद्यको माग छ, चैत १ गतेको २५ बुँदे घोषणापत्र खारेज गर । सचिव देव गुरुङ भन्छन्, जबर्जस्ती चुनाव गराए (बाँकी अन्तिम पेजमा)





## कांग्रेस तालमेलका लागि तयार

काठमाडौं । नेपाली कांग्रेसले चुनावको मिति घोषणा हुनासाथ प्रजातान्त्रिक मोर्चा बनाएर चुनावमा जाने तालमेलको आन्तरिक गृहकार्य थालेको छ । अहिलेसम्म अस्पष्ट कांग्रेसले पार्टी हेरेर उम्मेदवार चिनेर मतदान गर्नोस् मात्र भनेको छ । कांग्रेसले चुनावी वातावरण बनाउन र कार्यकर्तालाई परिचालनका लागि तताउन जिल्ला दौडाहा सुरु गरिसकेको छ ।

कांग्रेसभित्र चुनावको टिकट पाउन र टिकट नदिए समानुपातिकमा पार्नै पर्ने मोलमोलाई पनि सुरु भइसकेको छ । कतिपय नेताहरू प्रत्यक्ष निर्वाचनमा जानु भन्दा समानुपातिकमा परिने भए दाबी छोड्न पनि तयार भएका छन् । खासगरी सभापति सुशील कोइराला विरोधी (बाँकी अन्तिम पेजमा)

## उजुरी दिने सैनिकलाई चेतावनी पत्र

अभियान संवाददाता

काठमाडौं । नेपाली सेनाका प्रधानसेनापति गौरबशमशेर राणाको मिचाहापन र म नै सर्वेसर्वा हुँ भन्ने घमण्डले गर्दा नेपाली सेनाभित्र आफ्नै संगठनका विरुद्ध तल्लोतह अर्थात् प्रमुख सेनानीहरूले सर्वोच्च अदालतलाई गुहार गर्नु सेनापति राणाको असफलता र हेपाहापन नै हो भन्ने पूर्व सैनिकहरूको ठहर रहेको छ । नेपाली सेनाको इतिहासमै यति धेरै सैनिकहरु संगठन विरूद्ध अदालतमा गएको यो नै पहिलो पटक हो ।



केही समय पहिला प्रधानसेनापति राणाले नेपाली सेनाको परम्परा र नीति नियमलाई मिचेर नयाँ सैनिक नियमावली बनाएर अपनाइएको फास्ट ट्र्याक बढुवाप्रति असन्तुष्टि जनाउँदै ९ जना प्रमुख सेनानीहरूले सैनिक सचिवालयमा उजुरी दिएका थिए । नयाँ सैनिक नियमावलीमा बढुवा सिफारिसमा चित्त नबुझ्ने सैनिकले बेँढुवाको निर्णय भएको मितिले १५ दिनभित्रमा आफु बढुवामा समावेश हुनुपर्ने स्पष्ट र वस्तुगत आधारसहितको (बाँकी अन्तिम पेजमा)

## सत्य निरूपण अध्यादेशविरुद्ध पीडित सर्वोच्चमा

अभियान संवाददाता

काठमाडौं । भ्रष्ट चारदल एकीकृत नेकपा माओवादी, नेपाली कांग्रेस, नेकपा एमाले र मधेसी मोर्चाको सहयोगमा हालै सरकारले सिफारिस गरी राष्ट्रपतिद्वारा अध्यादेश मार्फत् जारी गरिएको सत्य निरूपण तथा मेलमिलाप आयोगका बारेमा व्यापक अन्सन्तुष्टी उब्जिएको छ । उक्त अध्यादेशले पीडितहरुलाई न्याय दिलाउनुको सट्टा पीडकहरूलाई नै उन्मुक्ति दिन सक्ने भन्दै पीडित पक्षका केही परिवारका सदस्यहरुले सर्वोच्च अदालतमा मुद्दा दायर गरेका छन् ।

२०५८ साल माघ ३ गते लमजुङका शिक्षक मुक्तिनाथ अधिकारी विद्यालयमा विद्यार्थीहरुलाई पढाइरहेका बेला तत्कालिन माओवादीका कार्यकर्ताहरूले कक्षाकोठा बाटै उनलाई अपहरण गरी अलिपर लगेर रुखमा बाँधी हात खुटा भाँचेर चुप्पीले घाँटी रेटी हत्या गरेका थिए । उनको अपराध थियो, उनी नेपाली कांग्रेस समर्थित शिक्षक थिए । उनका छोरा सुमन अधिकारीलाई सत्यनिरुपण तथा मेलमिलाप आयोग गठन भएपश्चात अपराधीहरूलाई कारबाही होला भन्ने लागेको थियो रे ! (बाँकी अन्तिम पेजमा)

## असारमा निर्वाचन नहुने पक्का

काठमाडौं । चार दलको सहमति र सहयोगमा गठन भएको प्रधानन्यायाधीश खिलराज रेग्मी नेतृत्वको सरकारले जतिसुकै डंक पिटे पनि असारको पहिलो हप्ताभित्र संविधानसभाको दोस्रो निर्वाचन गराउन नसक्ने प्रायः निश्चित भएको छ । निर्वाचन आयोगले पूर्णता पाए पनि रेग्मी सरकारको विरुद्धमा धेरै दलहरू सडक आन्दोलनमा गएका र सडक आन्दोलनमा गएका दलहरूले बन्द हड्तालका कार्यक्रमदेखि लिएर मतदाताहरूको नामावली संकलन गर्ने कार्यमा अवरोध पुऱ्याएका हुनाले असारमा निर्वाचन हुन नसक्ने निश्चित भएको छ ।

एकीकृत नेकपा माओवादीबाट विभाजित भएर (बाँकी अन्तिम पेजमा)

## भ्रष्टाचार रोकिनासाथ नागरिकता

काठमाडौं । भ्रष्टाचारको पोखरीमा आहाल बस्न पाउन्जेल तै चुप, मै चुप गर्ने मधेसी मोर्चा सरकार फेरिएपछि र चुनाव हुने भएपछि नागरिकता र सेनामा मधेसी हक स्थापित हुनुपर्ने मुद्दा उठाउन पुगेका छन् । मधेसी मोर्चाले भारतीय आर्थिक सहयोगमा अंगीकृत नागरिकता पाएका र तिनका सन्तानका फेहरिस्त तयार गरेका छन् । त्यस सूची अनुसार नागरिकता दिनुपर्ने शर्त तेर्साएका छन् । बाबुराम सरकार फाल्न प्रतिपक्षी दलहरूले समेत अरू शर्तलाई स्वीकार गरेका थिए ।

यदि मधेशी मोर्चाको शर्त अनुसार नागरिकता बाँडियो, बेचियो भने ३७ लाख मतदाता थपिने स्रोतको दाबी छ । (बाँकी अन्तिम पेजमा)

## चार दलीय संयन्त्र र गाईजात्रा



*शाश्वत शर्मा*

मुलुकमा रहेका (कथित) प्रमुख चारदल यतिबिघ्न शक्तिशाली छन् कि यिनले आफ्नो मनखुशी जे पनि गर्न सक्छन् । भन्ने नै हो भने यिनले त 'लोग्नेमान्छेलाई स्वास्नीमान्छे, अनि स्वास्नीमान्छेलाई चैं लोग्नेमान्छे' ठहर गर्न सक्छन् र त्यसको प्रमाणीकरण (अध्यादेशका रूपमा) गरिदिन्छन् हाम्रा ती राष्ट्रपति रामवरण यादवले- यस्तो चुट्किला चल्न थालेको छ आजभोली नेपाली राजनीतिमा । ...अर्थात खुब शक्तिशाली छन् यी कांग्रेस, एमाले, एमाओवादी र मधेशी मोर्चा ? हेरौं त, कसरी त्यो अन्तरिम संविधानको आफूखुशी कायापलट नै गरेका ! त्यो असफल नै साबित भइसकेता पनि नेपालको अन्तरिम संविधान वास्तवमा एउटा दस्तावेज थियो, अगाडि बढ्नका लागि । तर एमाओवादीको लहडमा लागेर बाँकी तीनदलले पनि जसरी त्यो संविधानलाई तोडमरोड गर्न साथ दिए, त्यसले दूरगामी प्रभाव त छाड्छ नै, तत्कालका लागि त्यस्तो 'सुधारिएको' संविधान जुन (कथित) जनआन्दोलन २०६२-६३ को भावनाको पूर्ण विपरित छ, को अन्तर्गत हुने भनिएको (दोस्रो) संविधानसभाको निर्वाचनलाई बहिष्कार गर्नेहरूको ताँती नै लाग्ने तर्फ संकेत गर्छन्, एकथरि जानकारहरू ।

त्यसो त, एमाओवादीलगायत कांग्रेस, एमालेका उपल्लो दर्जाका नेताहरूले समेत आ-आफ्नो पार्टीको धारणा राख्दै अहिले निर्वाचन बहिष्कारको चेतावनी दिनेहरू पनि दोस्रो संविधानसभाको निर्वाचनमा सहभागी हुने दाबी गरेका छन् । तर पनि कतिपय जानकारहरू यो धारणासँग सहमत छैनन् । तिनका अनुसार पहिला त कथित जनआन्दोलन ०६२/६३ को भावना विपरित अन्तरिम संविधानलाई सच्याइयो जसमा धेरैको असन्तुष्टि छ भने दोस्रो कुरो अब अहिले चुनाव गराउने र संविधान निर्माण गर्ने वातावरण नै देखापरिरहेको छैन । अर्थात् स्पष्ट भन्नु पर्दा भित्रि मनले कोही पनि चुनावका लागि तयार छैनन् । यदि यो मुलुक साच्चिकै निकास तिर उन्मुख (बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मर्यौ ज्युँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं । – अभियानवाणी

अभियान
साप्ताहिक

## सम्पादकीय

## आफ्नो आदेशको कार्यान्वयन गराउ रेग्मी

*चार दलको सहयोग र समर्थनमा मन्त्रिपरिषद्का अध्यक्ष बनाइएका सर्वोच्च अदालतका वहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मी नेतृत्वको सरकारले पनि दण्डहिनतालाई प्रश्रय दिने कार्य अगाडि बढाउने लक्षणहरु देखिन थालेका छन् । खिलराज रेग्मी प्रधानन्यायाधीश हुँदै एकीकृत नेकपा माओवादीका तत्कालिन सभासद बालकृष्ण ढुंगेललाई सर्वस्वसहित जन्मकैद हुने फैसला अहिलेका मन्त्रिपरिषद्का अध्यक्ष रहेका खिलराज रेग्मीको नेतृत्वमा रहेको पूर्ण इजलासले गरेको थियो । बाबुराम भट्टराई नेतृत्वको सरकारले ढुंगेलसलाई पक्राउ गरी जेल हाल्नबाट वन्चित गरेकोमा भट्टराई सरकार आलोचनाको पात्र बनेको थियो । तर सर्वस्वसहित जन्मकैदको फैसला गर्ने ब्यक्ति नै कार्यकारी प्रमुख भएको बेला आफैंले दिएको आदेशलाई कार्यान्वयन गर्न रेग्मी किन पछि हट्दैछन् त्यो रहस्यको विषय बनेको छ ।*

*बालकृष्ण ढुंगेलको मुद्दा राजनीतिक कारणले नभएर ब्यक्तिगत रिसइवीका कारणले भएको चर्चाका चलेको थियो । ढुंगेलेको भनाईमा त्यो मुद्दा राजनीतिक कारणमा भएको थियो भने त्यसबेला उनी किन अदालत गए । जिल्ला अदालतले ढुंगेललाई दोषी ठहर गर्दै जेल हालेको थियो । तर ढुंगेलले आफूमाथि अन्याय भयो भन्दै एक तहमाथिको अदालतमा अपिल गरेका थिए । पुनरावेदन अदालतले उनलाई जेलमुक्त गरेको भएपनि मुद्दा फेरि सर्वोच्च अदालतमा पुगेको र सर्वोच्चले उनलाई दोषी ठहर गर्दै सर्वस्वसहित जन्मकैदको फैसला गरेको थियो । राजनीतिक कारण उज्जन श्रेष्ठको हत्या गरिएको थियो भने उनी किन न्यायालयको अधिनमा गए । यदि जनयुद्धकालिन मुद्दा थियो भने किन उनले राजनीतिक रुपमै संघर्ष गरेनन् । आज कयैन ब्यक्तिहरु राजनीतिक रुपमा संघर्ष गरिरहेका छन् । ठीक त्यसको उल्टो ढुंगेल सजिलो पर्दा अदालत जाने अनि आफ्नो विपक्षमा अदालतले निर्णय गर्दा त्यो मुद्दा राजनीतिक थियो भनेर उम्कन खोज्नु प्रवृत्तिले गर्दा न्यायालयको आपमान भएको छ । न्यायालयको मानहानी भएको छ । अदालतको आदेशको अवहेलना गर्नु संविधान र कानुनको अपमान गर्नु हो । नेपालको अन्तरिम संविधानले नै सर्वोच्च अदालतलाई संविधानको अन्तिम ब्याख्या गर्ने अधिकारी दिएको छ । अदालतको आदेश पालना नगर्ने ब्यक्तिहरुले राजनीति गर्न किमार्थ सुहाउँदैन ।*

*एकीकृत नेकपा माओवादीले पछिल्लो समयमा आदालतका आदेशहरु पलना गर्ने उद्घोष गरिसकेको भएपनि विगतमा उसले अदालतले दिएका कतिपय आदेशहरु उल्लंघ गर्दै न्यायालयलाई चुनौती दिएको थियो । पछिल्लो समयमा बाबुराम भट्टराईको नेतृत्वमा बनेको सरकारले आदलतका धेरै आदेशहरुलाई धोती लगाइदिएको प्रमाण दैलेखका पत्रकार डेकेन्द्रराज थापाको मुद्दालाई लिन सकिन्छ । भट्टराई नेतृत्वको सरकारले हत्या, हिंसा, अपहरण, गुण्डागर्दी, लुटपाट गर्ने अपराधीहरुलाई उन्मुक्ति दिने प्रयास गरेपनि जनदबाबका कारण त्यो असफल भएको थियो । अहिले आफ्नै पार्टीका कार्यकर्ता एवं नेतालाई सर्वस्वसहित जन्मकैदको फैसला गर्ने ब्यक्तिलाई नै आफ्नो पार्टीको महाधिवेशनबाट मन्त्रिपरिषद्को नेतृत्व गर्ने प्रस्ताव पारित गरेर एमाओवादी नेतृत्वले खिलराज रेग्मीलाई कार्यकारी प्रमुख बनाएको छ । रेग्मीले आफैंले आदेश दिएर सर्वस्वसहित जन्मकैदको फैसला गरेका ब्यक्ति बालकृष्ण ढुंगेलले मन्त्रिपरिषद्का अध्यक्ष रेग्मीलाई भेटिसकेका छन् । रेग्मीले प्रधानन्यायाधीशबाट राजिनामा नदिई मन्त्रिपरिषद्को अध्यक्ष बन्नु र पछि फेरि सर्वोच्च अदालतको प्रधानन्यायाधीशमा फिर्ता हुन पाउनु पर्ने सर्त अगाडि सार्नु कतै ढुंगेल प्रकरण त होइन भन्ने शंका, उपशंका समेत उब्जिएको हुनाले रेग्मीले अविलम्ब प्रधानन्यायाधीशबाट राजिनामा दिएर अदालतको मान, मर्यदा राख्नै पर्दछ ।*

*संविधानसभाको दोस्रो निर्वाचन गराउने दायित्व र जिम्मेवारी पाएका रेग्मीले आफू कानुनवेत्ता भएको कारण भ्रष्टाचारी र फौजजारी केशमा सजाय पाएका ब्यक्तिहरुलाई राजनीतिक अवरणमा कुनै हालतमा पनि निर्वाचनमा उम्मेदवार हुनबाट रोक्ने दृढता देखाउन सकेमात्र उनी कार्यकारी अध्यक्ष भएको सार्थकता रहन सक्छ । यदि हिजोका तिनै भ्रष्टाचारी र जेल सजाय पाएका ब्यक्तिहरु निर्वाचनमा उम्मेदवार गैं बन्ने बाटो खोलिएको खण्डमा नेपाल भ्रष्टाचारी र अपराधीहरुको देश भनेर चिनिन सक्ने भएको हुनाले ढुंगेलजस्ता अपराधीहरु सबैलाई कानुनको कठघरामा उभ्याउनु रेग्मी सरकारको दायित्व र कर्तब्य समेत हो भन्ने हामीले ठानेका छौं । यदि रेग्मी पनि चार दलको संयन्त्रको आदेशको पालना गर्दै कार्यकारी पदमा टिकिरहने खेलमा मात्र लागे भने त्यो समय रेग्मीकै लागि आत्महत्या गरेसरह हुनेछ भन्ने हामीले महसुस गरेका छौं ।*

# योग्यहरूको अयोग्य सरकार प्रमुख रेग्मी

देवेन्द्र चुडाल

गएको जेठ १४ गते संविधानसभाको हत्या भएपछि आजका दिनसम्ममा पनि राजनीति विधिभित्र सञ्चालित भएको छैन । जेठ १४ अघि जस्तो राजनीति थियो अहिले पनि त्यसै अनुरूप राजनीति चलिरहेको छ । मुलुकका तीन ठूला दल एकीकृत नेकपा माओवादी, नेपाली कांग्रेस, नेकपा एमाले र मधेशवादी दलहरूको मोर्चाभित्रको व्यापक असन्तोष र दलहरू बीचको आरोप-प्रत्यारोपका कारण चारदलहरूले खरानी धसेर बुहदलीय व्यवस्थामा राज्य सञ्चालन गर्न हामीहरू असफल र असक्षम भयौं भन्दै निर्दलीय व्यक्तिको नेतृत्वमा सरकार निर्माण गर्न सहमति हुनु बुहदलीय व्यवस्थाका लागि लज्जा र लाजमर्दो विषय हो । चार दलले सर्वोच्च अदालतका बहालवाला प्रधानन्यायाधिशको अध्यक्षमतामा पूर्वप्रशासकहरूलाई समावेश गराएर अन्तरिम चुनावी सरकार निर्माण गरेपनि सर्वोच्च आदलतका प्रधानन्यायधीशलाई राजिनामा गराउने प्रयाससम्म नगरेर प्रधानन्यायाधीश खिलराज रेग्मीकै माग बमोजिम निर्वाचन सम्पन्न भएपछि उनलाई सर्वोच्च अदालतमा प्रधानन्यनयधीशकै पदमा फर्किन पाउने रेग्मीको प्रस्ताव चार दलले स्वीकार गर्नु चार दलका शीर्ष नेताहरूमा अकर्मण्यता र नालायकीपन हो । शक्ति पृथकीकरणको सिद्धान्त अनुसार पनि एउटा व्यक्ति दुई पदमा आसिन हुन सक्दैन, अहिले संसद छैन, कार्यपालिका प्रमुख र सर्वोच्च अदालतका प्रधानन्यायधीश पनि एउटै व्यक्ति छन् । केवल उनी केही दिनको लागि काजमा अर्को ठाउँमा गएका मात्र हुन् । भोली उनी सोही पदमा फर्किएर आउँदा आफ्नो उपस्थितिमा भए गरेका निर्णयहरू उनले पुनर्विचार गर्न सक्ने अवस्था सर्वोच्च अदालतमा विद्यमान रहेको छ । सर्वोच्च आदलतमा प्रधानन्यायाधीशको नेमप्लेटमा खिलराज रेग्मीकै नाम छ । चारदलका शीर्ष नेताहरूले अब रेग्मीलाई प्रधानन्यायाधीशबाट राजिनामा नगराएको खण्डमा त्यसले कालान्तरमा समग्र मुलुक र राजनीतिक दलहरूलाई नै घाटा हुनसक्छ ?

राजनीति आफैमा कुनै विधि वा विधान होइन । राजनीतिले आफै कुनै काम गर्दैन । विधि विपरित सञ्चालित राजनीतिलाई विधि अन्तर्गत सञ्चालन गर्ने दायित्व र कर्तव्य राजनीतिज्ञहरूको हो । त्यसैले राजनीतिलाई अध्यारो समयमा बालिने प्रकाश समेत भनिन्छ । पछिल्लो समयमा दलहरूको अकर्मण्यता र असफलताले गर्दा मुलुकलाई विधि अन्तर्गत सञ्चालन गर्ने जिम्मेवारी पूर्व प्रशासकहरूले पाएका छन् । त्यसको नेतृत्वकर्ता सर्वोच्च अदालतका वहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीको हातमा पुगेको छ । विश्वमै राजैतिक दलहरूले आफ्नो असफलता केही हदसम्म स्वीकार गर्दै जनता कहाँ जानका लागि गैरराजनीतिक व्यक्तिको हातमा सत्ता सुम्पिएको सायद यो पहिलो घटना होला । भविष्यमा इतिहासकारहरूले संविधानसभाको निर्वाचन पछि कसले र कसका कारणले असफलता भयो र जनताको आदेश पालना गर्न दलहरू किन असफल भए भनेर इतिहास लेख्लान, त्यो इतिहासकै जिम्मेवारी भएपनि इतिहासको आफ्नो लेखनमा दलहरूको असफलताको कारण निर्दलिय त्यसमा पनि दुवै पदमा एउटै व्यक्ति रहेका थिए भनेर इतिहास लेख्नै पर्दछ । इतिहासलाई मारेर मर्दैन, तोडमोड मात्र गर्न सकिन्छ, दलहरूको विफलताबाट सत्ताको नेतृत्वमा पुगेका खिलराज रेग्मीले एकै पटक दुवै पद लिनु हुन्न भन्ने विवाद उठेपनि चार दलको निर्णय अन्य कसैले त्यसलाई उल्टाउन सक्ने अवस्था देखिएको छैन । चार दलका शीर्ष नेताहरू भने चुनावी सरकार बनाउन दलहरूले एकले अर्कालाई विश्वास गर्न नसकिएको हुनाले बाध्यताबस प्रधानन्यायाधीशलाई स्वीकार गरिएको बताउँदै हिँडेका छन् । तर उनीहरूले आजसम्म प्रधानन्यायाधीश लाई प्रधानन्यायाधीश बाट राजिनामा गराउन किन चाहेका छैनन् भन्ने प्रश्न अनुत्तरित नै छ ।

चार दलले मात्र देशको भाग्य विधाताका रूपमा आफूहरूलाई निकै लामो समयदेखि निरन्तर रूपमा प्रस्तुत गरी चार दलको प्राधिरणबाट मात्र भएको एकल निर्णयले एकातिर चार दलको निर्णयलाई यिनै चार दलले मात्र प्रमाणित गर्न सकिने देखिएको छ भने अर्को तर्फ यी चारदल बाहेकका अन्य दलहरूले औपचारिक रूपमा चार दलको निर्णयलाई च्यालेन्ज गर्न सक्ने सम्भावना न्यून रहेको छ । चार दलको सहमतिमा बनेको अन्तरिम चुनावी सरकार पनि चारदलको कठपुतली जस्तो मात्र भएको छ । योग्य प्रशासकहरू सहभागी गराइएको मन्त्रिपरिषद्ले पनि चार दलको सहमति वा आदेश बाहेक अन्य केही गर्न सक्ने अवस्था देखिएको छैन । त्यसैकारण अहिले रेग्मी सरकार पनि योग्य र सक्षम हुँदा हुँदै पनि चार दलको सहमतिमा निर्माण भएको हुँदा उ अग्नीपरीक्षामा फसेको छ । योग्य प्रशासकहरूले राजनीतिक व्यक्तिहरूले हिजो गरेका गैरकानुनी र संविधान, ऐन, कानुन विपरीतका निर्णयहरूको भारी बोक्नु परेको छ । राजनीति फोहोरी आहालमा बस्दा उनीहरूले अनुकुल वातावरण बनाउन सक्ने सम्भावना न्यून रहेको प्रष्ट रूपमा देखिएको छ । रेग्मी सरकारले निष्पक्ष रूपमा निर्वाचन गराउने भनेता पनि चार दलको भागवण्डामा मन्त्रीहरू नियुक्त भएका हुनाले मन्त्रीहरूले कुनै न कुनै पार्टीका नेताहरूको दौराको फेर समाउनु पर्ने बाध्यता छ । त्यसैकारण पनि उनीहरूको योग्यता र प्रशासक हुँदा कमाएको प्रतिष्ठा समेत अहिले अग्नीपरीक्षाको रूपमा उभिएको छ । चार दलले भागवण्डाकै आधारमा निर्वाचन आयोगमा समेत पदाधिकारी नियुक्त गरेका छन् । संविधान नै संशोधन गरी ६ वर्षे कार्यकाल पुरा गरेका निर्वाचन आयोगका तीन पूर्वपदाधिकारीहरूलाई पुनः निर्वाचन आयोगमा नियुक्त गर्न सिफारिस गर्नु रेग्मी सरकारको बाध्यता थियो । संवैधानिक परिषद् समेत नरहेका अवस्थामा दलहरूले राजनीतिक भागवण्डाकै आधारमा संवैधानिक परिषद गठन गरी त्यही परिषदको निर्णय अनुसार निर्वाचन आयोगमा पदाधिकारी नियुक्त गर्नुले पनि पुष्टि हुन्छ, रेग्मी सरकार चार दलको कठपुतली सरकार मात्र हो ।

पञ्चायतकालमा पूर्व प्रधानमन्त्री सूर्यबहादुर थापाले एउटा शब्द चर्चामा ल्याएका थिए । उनकै शब्दमा त्यसलाई 'भूमिगत गिरोह' भनिन्थ्यो । त्यो भूमिगत गिरोहले पर्दा पछाडि बसेर राज्य सञ्चालन गर्दथ्यो । त्यसबेला पनि प्रधानमन्त्री थिए, मन्त्रीहरू थिए, सचिव थिए, अर्थात् बाहिरीरूपमा राज्य सञ्चालन प्रधानमन्त्रीले नै गरेको जस्तो देखिन्थ्यो, तर वास्तविकता अर्कै थियो । भूमिगत गिरोहको आदेश बाहेक केही हुँदैन्थ्यो, नियुक्ति सरुवा बढुवा सबै भूमिगत गिरोहको आदेशमा मात्र हुन्थ्यो, केवल प्रधानमन्त्रीले भूमिगत गिराहको आदेशलाई पालना गर्दै कार्यान्वयन मात्र गर्दथे । अहिले ठ्याक्कै त्यस्तै भएको छ, चार दलले अहिले भूमिगत गिरोहको ठाउँ लिएका छन् । गिरोहको आदेश बाहेक रेग्मी सरकारले सिन्कोसम्म भाँच्न सक्ने अवस्था छैन । आदेशको पालना गर्दै चार दलको आदेशलाई कार्यान्वयन गराउने जिम्मेवारी रेग्मी सरकारले पाएको छ । कुनै विधानमा नभएपनि आदेश दिन सक्ने शक्तिशाली गिरोहले पर्दा पछाडि बसेरै राज्य सञ्चालन गरिरहन्थ्यो भूमिगत गिरोहले । अहिले पनि संविधान ऐन, कानुनमा कहीँ व्यवस्था नभएको राजनीतिक संयन्त्रको नाममा भूमिगत गिरोह बनाइएको छ । उक्त गिरोहमा एकीकृत नेकपा माओवादी, कांग्रेस, एमाले र मधेशी मोर्चा सहभागी छन् । उनीहरूको कार्य भनेको आदेश दिने मात्र हो, संविधान ऐन, कानुन अनुसार मिल्छ मिल्दैन भन्ने हेक्का उनीहरूलाई हुनुपर्दैन, आफ्नो आदेशको कार्यान्वयन हुनुपर्ने उनीहरूको आदेश मात्र हो । आदेश पालना गर्दा आउने जस अपजसको भारी रेग्मी सरकारले नै बोक्नु पर्दछ । पञ्चायत कालमा समेत त्यस्तै हुन्थ्यो । अहिले ठीक ३० वर्ष पछाडि गैर संवैधानिक संयन्त्रले राज्य सञ्चालन गर्ने गरी पञ्चायत कालिन प्रवृत्तिको पुनरावृत्ति गरिएको छ । पर्दाभित्रबाट आएको आदेश पालना गर्ने औजारको रूपमा रेग्मी सरकार रहेको हुनाले रेग्मी सरकारले जतिसुकै डंक पिटे पनि निष्पक्ष

बाँकी ५ पेजमा

# नेताहरू जनताको कसीमा घोटिनेछन्



राजन कार्की

निर्वाचनमा नेताहरू आउँदा आम जनताले सोध्नुपर्छ– जनयुद्धको उपलब्धि के हो ? जनआन्दोलनको सफलताबाट जनताले के पाए ? संविधानसभा किन बिघटन गरियो, किन संविधान बन्न सकेन ? यस्तो पेचिला प्रश्नको जवाफ नेताहरूसँग अवश्य पनि छैन । तर, नेताले जहिले पनि जनताको आँखामा छारो हाल्ने र जनतलाई भुक्याउने गर्छन् । आसन्न निर्वाचनमा पनि राजनीतिक दलहरू जनतालाई आश्वासनको पोको बोकेर जाने तैयारी गरिरहेका छन् । अव बेला आयो जनता जाग्ने किनभने जनता भनेका निर्णायक शक्ति हुन्, यिनले जनादेशको अबहेलाना गर्ने प्रतिनिधिलाई दण्डित गर्ने र जिम्मेवार प्रतिनिधि छान्ने । लोकतन्त्रको महिमा भनेकै यही हो । जनता यसपटक पनि भुक्किए भने चारवर्षमा नबनेको संविधान फेरि पनि बन्न सक्नेछैन । १० वर्षे जनयुद्ध अर्थहीन रहेछ, क्रान्ति सेलाइसक्यो । जनआन्दोलन व्यर्थ भएछ, नयाँ नेपालको नारा बिलाइसक्यो । चमत्कार हुन्छ, के के हुन्छ हुन्छ भनेर उत्साहित बनेका जनतामा आज निरासामात्र छ । किनकि लोकतन्त्र रित्तो रित्तो भइसक्यो । नेतामा दूरदृष्टि, नैतिकता, त्याग, तपस्या, निस्वार्थता, कार्यक्रम र साहस भएन भने नयाँ केही नहुने रहेछ भन्ने प्रमाणित भयो ।

प्रचण्ड, माधव नेपाल, झलनाथ र बाबुरामको राजनीतिक सरकारको असफलतापछिको यस्तो रिक्ततामा गठन भएको खिलराज नेतृत्वको कर्मचारी सरकार थोरै आशा र धेरै आशंका बोकेर आएको छ । राजनीतिक दलहरूको झगडाले चारवर्ष खेरफाल्दै बाह्य निर्देशनमा निर्दलीय सरकार गठन भएकाले जनआन्दोलनपछिको पाँचौं सरकार राजनीतिको अवसान भएको पञ्चसरकार बन्ने हो कि भन्ने धरैले लख काटेका छन् । हुन पनि लोकतन्त्र चलाउन नसकेर शीर्षदलहरू खप्परमा हात राखेर सुइय–सुस्केरा हालेर थचक्क बसेको अवस्था हो यो । देखाउनका लागि चार दलको ११ बुँदे राजनीतिक र राष्ट्रपतिको सहमति देखाए पनि यो परिवर्तन न बैधानिक छ, न नियन्त्रण र सन्तुलनको बिधियुक्त । अन्यौल र अँध्यारोमा 'जुनकिरी'को नियति बोकेर प्रचलित मान्यता र संवैधानिक प्रावधानविपरित खिलराज रेग्मी शितल निवासको बाटो सिंहदरवार छिरेका छन् । हेर्नु यत्ति छ कि इमान्दारिता नहुँदा शिर्ष दलहरू असफल भए । खिलराजको ११ सदस्यीय टोलीले तरल राजनीतिलाई लोकतान्त्रिक आकार दिन सफल होला ? यही सरकारको सफलतामा प्रजातन्त्र अन्तर्निहित बन्न पुगेको छ ।

खिलराज रेग्मी र उनका एघार भाइ सबैलाई भाग्योदय चिठ्ठा खुलेसरह भएको छ । परिवर्तनकारी शक्तिहरू मल्लयुद्ध गर्दा यस्तो दिन पनि आउने रहेछ । सबैले खुशी खुशी पद बहाली गरेका छन् । बहाली हुनासाथ अन्तर्वार्ता दिएर र कतिपय कार्यक्रममा सहभागी भएर भाषण गर्दै कर्मचारी मन्त्रीहरू नेता पल्टिन थालेका छन् । प्रचारमा तिनका आफन्तहरूले बधाईका बहार प्रचारमा ल्याइरहेका छन् । जहिले पनि सत्ताको करिडरमा रमाउने बर्ग उपियाँले मरेको लाश छाडेजसरी बाबुरामलाई छाड्दै रेग्मी टोलीको वरिपरि पुगिसकेका छन् । आफ्नो मूल जिम्मेवारीबाट कतै खिलराज टोली ल्हासा जाने कुतीको बाटो समात्न नपुगोस् ।

हाम्रो समाजमा उक्ति छ– नपत्याउने खोलाले बगाउँछ । नपत्याउँदा नपत्याउँदै प्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा 'निजामती कर्मचारी सरकार' बन्यो । संविधानवादका दृष्टिले भन्ने हो भने अन्तरिम संविधानमा यस्तो व्यवस्था छैन । फागुनको अन्तिम दिन र चैतको पहिलो दिनको घटनाक्रमअनुसार मुख्य चारदलका नेताले मिलाएको मतोमा राष्ट्रपतिले ठप्पा लगाइदिए, बाधाअड्काउ फुक्यो । चार दलको सिफारिसमा हुनै नसक्ने संविधानको संशोधन भयो र लोकतान्त्रिक गणतन्त्र नेपाल हाँकेका दलहरूले प्रधानन्यायाधीशको हातमा व्यवस्थापिका, न्यायपालिका र कार्यपालिका 'कन्यादान' गरेसरह दान गरिदिए । लोकतन्त्रको यो दुःखद घटनाक्रमले तत्कालका लागि अनेक आशंका र अनिष्ठहरूलाई जन्माएको भए पनि निर्वाचन सम्पन्न भइदियो र जनप्रतिनिधिको हातमा सत्ता हस्तान्तरण हुन गयो भने त्यो लोकको अस्तित्व र मुलुकको भविष्यको सुनिश्चितताको ग्यारेन्टी हुनसक्छ । तर, नेकपा–माओवादीका अध्यक्ष मोहन बैद्यले नहुने चुनावको चर्चै नगरौं भन्दै प्रधानमन्त्री, मन्त्री, राष्ट्रपति सबैलाई बहिष्कार गर्ने र गाउँ पस्नै नदिने भनेर दिएको चुनौतिको जवाफमा एमाओवादीका अध्यक्ष प्रचण्डका चहेता नेता कृष्णबहादुर महराले चुनाव बिथोल्नेलाई छाडिन्न भनेर 'ओठे जवाफ' फर्काए । फेरि अध्यक्ष मोहन बैद्य किरणले चैत ५ गते चुनाव भनेर प्रचण्ड नै गाउँ पसे भने पनि खुट्टा भाँचिन्छ भनेर 'इटाको जवाफ पत्थरले दिने' उद्घोष गरेपछि माओवादी–माओवादी द्वन्द्वले निर्वाचन रक्तपातले रङ्गिने त होइन भन्ने थप त्रासदी उत्पन्न गरिदिएको छ । चाहिएको छ सहमति र निर्वाचनको माहोल, देखिदैछ– भीड, भिडन्त र मारामारका संकेतहरू ।

हुन त बिबादको मुख्य तारो प्रधानन्यायाधीश नै बनेका छन् । उनको नाम बिदेशीले प्रस्ताव गरेको र प्रचण्डले बोकेको आरोप लागिरहेकै थियो, त्यसमाथि नेपाल बारले प्रधानन्यायाधीशको पदबाट राजीनामा दिनैपर्छ भन्ने शर्त तेर्स्याइरहेको छ । यद्यपि चैत ५ गते नै सर्वोच्चले 'न्याय सम्पादन नगर्नु', 'एक व्यक्तिको दुईथरि परिचय हुनसक्दैन' भन्ने निर्देशन दिइसकेको छ भने मन्त्रिपरिषदका अध्यक्ष बनेका प्रधानन्यायाधीश खिलराज रेग्मीले प्रेसका सामु उभिएर न्यायालयको स्वतन्त्रतामा आँच आउन नदिने प्रष्टोक्ति दिइसकेका छन् । तथापि अन्तरिम सरकारले निर्वाचन आयोगबाहेक अन्य संवैधानिक निकायहरूमा नियुक्ति गर्न नहुने आपत्ति प्रकट भइरहेका छन् । यसैवीच शीर्ष चारदलको सिफारिसमा मन्त्रिपरिषदले पूर्णता पाउनु र संवैधानिक निकायहरूमा चारदलवीच नै भागबण्डा सिफारिस हुनुले पनि यतिखेर 'चारदलको सिण्डिकेट'को तीब्र आलोचना भइरहेको छ ।

निश्चित रूपमा राजनीतिक दल तथा नेताहरूवीच एकदोस्राप्रति पटक्कै विश्वास नहुनु र पूर्वाग्रह राखिनुले लोकतन्त्रमा कहिल्यै निर्वाचन हुन्न कि भन्ने बलिया लक्ष्यणहरू काला बादलका रूपमा मडारिइरहेका देखिन्छन् । निर्वाचन लोकतन्त्रको सुन्दरतामात्र होइन, जीवन र जिवन्तता पनि हो । राजनीतिक दलहरू एकले अर्कोलाई स्वीकार गर्ने नसक्ने परिस्थितिले राजनीतिक दलहरू स्वयं असफल, अकर्मण्य, अनैतिकमात्र होइन भ्रष्टाचार र अपराधिकरणबाट समेत बदनाम भइरहेका थिए । यस्तो कहालीलाग्दो अवस्थामा जताबाट निर्देशित भए पनि बाबुरामले सत्ता छाडे, निर्वाचनमा जान शीर्ष दलहरू तैयार भए । यही पृष्ठभूमिमा खिलराज सरकार बनेको हो । खिलराज सरकारको निर्माण, संवैधानिक र राजनीतिक गत्यारोधको निकास असंवैधानिक तरिकाले खोलिए पनि राजनीतिक सहमति फेरि पनि आवश्यक छ । किनभने खिलराज सरकारको नेतृत्वमा हुने निर्वाचनको बैधानिकता राजनीतिक स्वीकार्यताले मात्र सम्भव छ । राजनीतिक झगडाको रोगको निदानका रूपमा सहमतिको एन्टीबायोटिकले काम नगरेपछि खिलराज नामको पेन्सिलिन इन्जेक्शनका रूपमा 'कोरामीन' हालिएकै हो । यो कोरामिन अर्थात निर्वाचन : लोकको अस्तित्व र मुलुकको भविष्यसँग प्रत्यक्ष सरोकार राख्छ । यो निर्वाचनको सफलतामा लोकतन्त्र सलामत रहन्छ, हामी र हाम्रो भविष्यको सुनिश्चितताको सुत्रपातको सुरूआत हुनेछ । यसकारण पनि सर्वमान्य निर्वाचन, निर्वाचनको बैधानिकता र जनप्रतिनिधिमूलक शासनको सुरूआत नेपाल राष्ट्रको अपरिहार्य आवश्यकता हो । प्रत्येक देशभक्तले, भूमिपुत्रपुत्रीले खिलराज सरकारको नालीबेली उतार्न छाडेर राष्ट्रियता र प्रजातन्त्रको सुनिश्चितताका लागि निर्वाचनको माहोल बनाउने कर्तव्य पालना गर्न कुनै भद्रो हेरेर समय खेर फाल्ने बेला होइन यो ।

अत्यन्त अँध्यारोपक्ष भनेको नेकपा–माओवादीको 'बिद्रोह' हो, जसलाई सबै राजनीतिक दलहरू र सरकार मिलेर वार्ता र संबोधनका माध्यमबाट समन गरेर सुल्झाउनै पर्छ । साह्रै राम्रो र उज्यालो पक्ष भनेको खिलराज सरकारलाई उत्तर र दक्षिणका छिमेकीले मात्र होइन, विश्वशक्ति अमेरिका, युरोपियन युनियन र संयुक्त राष्ट्रसंघले समेत सकारात्मक समर्थन दिएर मद्दत गरेका छन् । नेपाली कांग्रेस र एमालेले प्रजातन्त्र बचाउन 'खिलराज सरकार मानेको' जुन जवाफ दिएका थिए, अन्तर्राष्ट्रिय कर्प्सको समर्थनले तिनको तर्कमा चारचाँद लगाइदिएको छ । जनयुद्धकालीनदेखि आजसम्मका दण्डहीनताको व्यवस्थापन, पारदर्शी र उत्तरदायीका साथ सुशासन र निर्वाचनको सफलता भइदियो भने ०६३ साल वैशाख ११ गतेदेखि आजसम्म राजनीतिक दलहरूले जुन जगहँसाइ गरेका थिए, गाईजात्रा देखाएका थिए, ती सबै दलहरूका अपराध र गैरजिम्मेवारीलाई जनताले माफी दिनेछन्, खिलराज रेग्मी स्यावासीका पात्र बन्नेछन् । नयाँ संविधान बन्छ भनेर आश्वस्त हुन सकिनेछ ।

यति आशालाग्दो झल्काहरू देखिए पनि असक्षम भइसकेका शीर्ष चार शक्तिले सर्पको मुखमा परिसकेको भ्यागुतोल किरा खान आकर्षित भएझैं शक्तिशाली संयन्त्र बनाएर सरकारमाथि तरवार बनेर उभिन छाडेनन् । कुनैबेला सूर्यबहादुर थापा भूमिगत गिरोह भन्थे, चार शीर्ष दलले त्यही भूमिगत गिरोहको मुखुण्डो भिरेर मन्त्रिपरिषदका अध्यक्ष खिलराजको टाउकोमा घिरिङ खेल्न थालिसकेका छन् । राजनीतिक नेतृत्वमा चुनावमा जान नसक्ने र एकदोस्राप्रति विश्वासै गर्न नसक्ने दलहरू 'आलोपालो सिण्डिकेट सरदार' बन्ने सहमति गर्न पुगेका छन् । गत जेठ १४ गते संविधानसभा मारिएपछि कुनै दलसँग पनि जनादेशको हैसियत बाँकी छैन र सबै दल बराबर हुनुपर्ने थियो । अझै पनि अहंकारले ग्रस्त अनैतिक देखिए चार शिर्ष दल । निर्वाचन गराउने जिम्मेवारी पाइसकेको सरकारमाथि नेताहरूको सुपर संयन्त्र राखिनु भनेको 'हस्तक्षेपकारी पाखण्ड' हो, हस्तक्षेप भन्नु नै स्वच्छ निर्वाचन र सुशासनमाथि सकुनी जालझेलको सम्भाबना हो । न्यायमूर्ति खिलराज रेग्मीले यस्तो हस्तक्षेपलाई स्वीकार्नुले उनको कर्तव्य र उनले निभाउनु पर्ने देशभक्तिपूर्ण स्वच्छ योगदानलाई छायाँमा पार्ने षडयन्त्रपूर्ण खतरा हो ।

स्वतन्त्र निर्वाचन हुनुपर्छ, हुन्छ भन्ने विश्वास गरेर प्रधानन्यायाधीशलाई सत्ता सुम्पिसकेपछि लगाम हातमा लिइरहनुको अर्थ भनेको निर्वाचनको विश्वसनीयतामाथि नै हम्मर हिर्काइ होइन र ? यही प्रश्नले थप प्रश्न उठेको छ कि शीर्ष दलहरूले भागबण्डामा नियुक्त गरेका विशिष्ट कर्मचारीहरू जो मन्त्री बने, उनीहरू आफूलाई सिफारिस गर्ने दलप्रति दायित्व राख्छन् कि देश र जनताप्रति उत्तरदायी हुन्छन् ? यतिसम्म जे भयो भयो, आइन्दा शीर्ष दलहरूले मन्त्रिपरिषदका अध्यक्ष र मन्त्रीहरूमार्फत थप हस्तक्षेप नगरून्, मुलुकलाई निर्वाचनमय बनाउँदै निर्वाचनको निष्पक्षतामा जोड दिउन्, ठूलो उपलब्धि यही हुनेछ । किनभने अहिले सरकारमा गएकाहरू 'माथिको आदेश मान्ने' संस्कारमा हुर्केकाहरू छन् । जो जोखिम लिनुभन्दा आदेश मान्नुमा गौरव गर्छन् । निजामती कर्मचारीहरूलाई 'झोले कार्यकर्ता' बनाइसकेका राजनीतिक दलहरू यो स्थितिबाट 'निर्वाचनमा अनुचित लाभ' लिन सक्छन्, खोज्छन् । यसकारण पनि कर्मचारी प्रशासन बुझेकाहरूलाई स्वतन्त्रता र विवेकशील भएर काम गर्ने छुट र अधिकार राजनीतिक दलहरूले दिनैपर्छ । आफूले भनेको नमाने 'कोपभाजनमा पर्ने' स्थितिबाट खतरामुक्त गराउनैपर्छ । राजनीतिक दलहरूले यति बुद्धिमत्तापूर्ण उदारता नदेखाउने हो भने खिलराज सरकारले निर्वाचन गराउन सक्छ भनेर ठोकुवा गर्नु गलत हुनेछ । जिम्मेवारीमा पुगेकाहरूले पनि इतिहास निर्माण गर्ने र जिन्दगीमा पाएको यो सुवर्ण अवसरलाई उपलब्धिमा रूपान्तरण गर्ने साहस जुटाउनैपर्छ । यस्तो जिम्मेवगाँरी भाग्यले मात्र पाइन्छ भन्ने यथार्थ खिलराज टिमले बुझिहाल्नु नितान्त जरूरी छ । आसन्न निर्वाचन भनेको वर्तमानको सार र भविष्यको आधार एकमात्र आधार हो ।

**जनआन्दोलन व्यर्थ भएछ, नयाँ नेपालको नारा बिलाइसक्यो । चमत्कार हुन्छ, के के हुन्छ हुन्छ भनेर उत्साहित बनेका जनतामा आज निरासामात्र छ । किनकि लोकतन्त्र रित्तो रित्तो भइसक्यो । नेतामा दूरदृष्टि, नैतिकता, त्याग, तपस्या, निस्वार्थता, कार्यक्रम र साहस भएन भने नयाँ केही नहुने रहेछ भन्ने प्रमाणित भयो ।**

# Human Rights violations in IHK

Dr. Raja Muhammad Khan

According to a recent report on Human Rights violations in Indian Occupied Kashmir by Indian Army and its paramilitary forces, there have been deaths of 93,274 innocent Kashmiri from 1989 to June 30, 2010. Besides this alarming figure of open killings by its security forces, there have been 6,969 custodial killings, 117,345 arrests, destruction, and razing of 105,861 houses and other physical structures in the use of the community as a whole. The brutal security forces have orphaned over 107, 351 children, widowed 22,728 women and gang raped 9,920 women. In June 2010 only, there have been 33 deaths including four children besides, torturing and injuring 572 people. The brutal Indian security forces molested eight women during this one month. This brief account indeed, is the reality of Indian achievements on which they are trumpeting for their success in the Kashmir through counter insurgency operations.

It seems that non-condemnation of these Indian acts of massive human rights violations, by the so-called civilized international community has further encouraged India to step-up its brutalities on the armless Kashmiri masses. Indian authorities are not willing to talk with Kashmiri people on political grounds. India perhaps reached to a conclusion that only bullet is the right way of dealing with Kashmiris, demanding their right of self-determination. Surprisingly, Indian successive governments are trying to ignore the dynamics of the Kashmiris movement for the freedom from the Indian rule. This indeed is the continuation of their resistance against the Dogra Rule, started in early part of the 20th century. On July 13, 1931, the Dogra authorities ordered firing on a group of peaceful Kashmiri Protestants in Jammu, resultant killing of dozens of innocent Kashmiris. Thereafter, there has been no letup in the oppression of the Dogra rule until its end in October 1947. The end of the Dogrea rule was marked by the beginning of the Hindu rule, another repressive rule on the Kashmiris, which is continuing. People of Kashmir feels that, "The martyrs who sacrificed their precious lives for Kashmir cause teach us all not to bow before the forces even if one has to sacrifice his life."

India misperceived that the temporary halt in the armed struggle of Kashmiris after 2002, is because of its counter-insurgency operation. Indeed, from 2003 onwards, there appeared a change in the Indian attitude, and it was thought that, as Pakistan, India is also sincere in the resolution of Kashmir dispute. In January 2004, during the historic 12th SAARC Summit, both countries pledged that, Kashmir issue would be resolved through an option acceptable to all three parties; the Kashmiri, Pakistan and India. T that time, many options were debated to reach on a consensus solution. Unfortunately, India's stubborn attitude and its misperception that Kashmiris are no more presenting a resistance, as if they have reconciled with the Indian rule has led her not to make further progress on the issue. In the meanwhile, through various compensatory measures, India tried to redress the Kashmiri grievances. However, there has been no policy change in the repressive activities of Indian security forces. Indian security forces continued human rights violations in Kashmir unabated.

Seeing no progress for the resolution of Kashmir issue, in 2008, Kashmiri once again renewed their peaceful protests. This time forceful grabbing of their land by the Indian authorities became the raison d'être for the protests. Through a deliberate attempt, Indian Government allotted 800 kanal of Kashmiri land to a Hindu shrine. The tactics was that, through a gradual process, a demographic change would be effected in the Vale of Kashmir, the way it was done in the Jammu, following the Indian rule there, from October 1947 onwards. It is worth mentioning that Muslim population constituted 62 percent of the Jammu province according to the last census held in the united Kashmir in 1941. Now it is in thirties. The Valley has over 95 % Muslim population; therefore, India is all out to reduce this by inhabiting Hindu population, through land allotments. To curb their uprisings, this time Indian state machinery decided to economically strangulate the Valley people. Making use of the security forces and Hindu extremists of Jammu, India blocked all the entrants and exist routes of the Kashmir Valley. The economic blockade was so ruthless that there took place severe shortage of the foodstuff in the Valley. The Protestants were fired upon, resultant killing of hundreds of the innocent masses including the prominent leaders like Sheikh Abdul Aziz on 11 August 2008, once he was leading a peaceful march towards Muzaffarabad, demanding an end to economic blockade by Indian Army.

With the passage of time, Kashmiris have realized that it is only a delaying tactics being used by the Indian Government; otherwise, there is neither the will nor the desire of resolving the issue by India. So much so, after the Mumbai terror attack, India is emphasizing Pakistan to resolve other issues less Kashmir. The process of Indo-Pak Composite Dialogue is no more the agenda. Rather, India stresses on a new beginning, mostly revolving around the cross border terrorism and the trade issues. India desires to do away with the tangible developments made during 2004 to 2007, on the core issue on Kashmir, Siachin and Sir Creek. Linked with the Kashmir is the water issue between the India and Pakistan. Through the construction of a number of dams and water storages and diversions, India has reduced the water flow for Pakistan to almost 50 percent from the rivers whose water is exclusively dedicated for the Pakistan.

There is a big question mark on the role of the United Nations Organization (UNO), the only International Organization, mandated to redress the oppressed people of the world. The organization has badly failed to implement its responsibilities and its own resolutions towards a rightful solution of the issue. Besides, the major powers had a role to play for the maintenance of peace and a balance in the world, but owing to a number of factors; they also failed to undertake their moral responsibilities from the platform of UNO. Through new strategic alliances, India has become a partner of the major powers like; United States, European Union, and Russia. These major military and economic powers have their stakes in India, a country having 1.3 billion populations. Within these major interests, the voice of the Kashmiri's right of self-determination has lost its pitch as well as the echo.

There is a need of awakening the international conscious. Closing of the eyes and ears by the international community on the massive human rights violations in Kashmir by Indian security forces would not end the issue. Rather the seething protest against Indian human rights violation would endanger the world peace to an extent that may be unimaginable now, as India and Pakistan are nuclear-armed countries.

Therefore, the UNO, US, Russian Federation, European Union and China must pressurize India to immediately end the human rights violations in Kashmir, pullout its security forces and resolve the issue as per the wished of Kashmiri subjects in the light of UN resolutions. This would bring peace and stability in the region as well at the global level. After all, global peace must be dear to the major powers too.

# Indian anti-Pak role in Afghanistan

**– Sajjad Shaukat**

A recently released video by Washington Free Beacon pointed out that the US new Secretary of Defence Chuck Hagel disclosed during a speech at Oklahoma's Cameron University in 2011, "India has always used Afghanistan as a second front" and "has over the years financed problems for Pakistan on that side of the border." Earlier, the then NATO commander in Afghanistan, Gen. McChrystal had revealed: "Indian political and economic influence is increasing in Afghanistan…is likely to exacerbate regional tensions."

These remarks are quite sharp to some of American top officials who had been accusing Pakistan of cross-border terrorism in Afghanistan. During his trip to India and Kabul, last year, US ex-Secretary of Defence Leon Panetta revived similar old blame game against Pakistan. He also encouraged New Delhi on October 26, 2012, saying that India has vital role to play in Afghanistan and it will be helpful for peace and stability in the region, adding, "Our new defence policy hinges upon this strategy." The US which signed an agreement of strategic partnership with Afghanistan, has finally decided to keep around 10,000 troops and six military bases in that country permanently after the complete withdrawal of NATO forces. In fact, America seeks to obtain multiple strategic designs by controlling the energy resources of Central Asia, and weakening Pakistan, China, Iran and Russia.

In this respect, by availing the golden opportunity of the 9/11, India has left no stone unturned in getting its hold in Afghanistan by manipulating US strategy. In this regard, stiff resistance of the Taliban militants against the occupying forces created unending lawlessness in the country which has become a most suitable place for Indian secret agency RAW to implement a conspiracy to fulfill its country's strategic designs against Iran, China and particularly Pakistan, while achieving collective goals of the US against these countries including Russia. However, India which has already invested billion of dollars in Afghanistan, signed a wide-ranging strategic agreement with that country on October 5, 2011 also includes to help train Afghan security forces, while assisting Kabul in diversified projects. Apparently, it is open strategic agreement, but secretly, India seeks to further strengthen its grip in Afghanistan to get strategic depth against Islamabad.

Besides, with the cooperation of Afghan President Hamid Karzai and Afghan intelligence-National Directorate of Security (NDS), and with the tactical assistance of American CIA and Israeli Mossad, RAW has well-established anti-Pakistan espionage network in Afghanistan. For this sinister move, a religious Madrassa of Wakhan, located in Afghanistan is functioning under the patronage of Indian officials. It is being used for brainwashing of very young boys who are Afghans and so-called Indian Muslims.

Posing themselves as Pakistani Taliban, they have joined the ranks and files of the Tehrik-i-Taliban Pakistan and other banned extremist outfits. In this context, India's several secret training camps are also present in Afghanistan from where highly trained militants, equipped with sophisticated weapons are being sent to Pakistan's various places to conduct target killings, bomb blasts, suicide attacks, assaults on civil and military installations including religious leaders to foment sectarian violence. Particularly, RAW has perennially been arranging similar subversive acts in Balochistan through their affiliated militant groups such as Balochistan Liberation Army (BLA), Jundollah (God's soldiers) and other Baloch separatist elements. India is also in collusion with the Balochi separatist leaders who took shelter in Afghanistan. For example, on July 23, 2008, in an interview with the BBC from Afghanistan, Brahmdagh Bugti had stated that they "have the right to accept foreign arms and ammunition from anywhere including India."

Notably, in the recent years, a series of international conferences were held in order to bring stability and peace in Afghanistan before the foreign troops commence withdrawal from that country in 2013, which would be completed in 2014. For this purpose, US-led developed nations also pledged billions of dollars for the development of Afghanistan. A recent meeting of NATO defence minsters, held in Brussels, decided a sum of $6.5bn for that war-torn country. Besides, American top officials have repeatedly agreed that without the help of Islamabad, stability cannot be achieved in Afghanistan. Pakistan is also facilitating US-backed dialogue with the Afghan Taliban.

# गृहिणी महिलाहरू झन झन पीडित

**इन्दिरा आचार्य**

**नेपालमा महिलामाथि हुने हिंसामध्ये गृहिणी महिलामाथि हुने हिंसाका घटना ८० प्रतिशत रहेको तथ्याङ्क गैरसरकारी संस्था ओरेक नेपालले हालै सार्वजनिक गरेको छ । तथ्याङ्कमा उल्लेख भएअनुसार नेपालमा एक सय ९२ महिलाको हत्या भएको छ । दुई सय ११ जना महिला बलात्कृत भएका छन् । तीमध्ये २३ जना आफ्नै परिवारका सदस्यबाट बलात्कृत भएका छन् ।**

अर्घाखाँची मरेडकी तुलसा आचार्य ६५ वर्ष पुगिन् । १३ वर्षकै उमेरमा विवाह भएको उनको जीवनमा सम्झनलायक रमाइला क्षण खासै छैनन् । ४० वर्षको उमेरमा विधवा बन्नुपरेको नरमाइलो क्षणले बेलाबेलामा पीडा दिइरहन्छ । चार छोरा र दुई छोरीकी आमा उनले छोरीहरूको बिहे गरिसकिन् । दुई छोरा कमाउन कतार गएका छन् भने दुईजना नेपालमै छन् । बालविवाह गरेर घर भित्रिनासाथ भातभान्साको काम सम्हालेकी उनी अझै पनि भान्साकै काम गर्छिन् । दुई बुहारी मेलापात जान्छन् । उनीचाहिँ घरको कामसँगै नाति-नातिनीको हेरचाह गर्छिन् । यतिका समयसम्म भान्सामा खाना पकाउँदा पनि किनमेलमा के-कति खर्च हुने गरेको छ भन्ने उनलाई पत्तो छैन । खर्चका विषयमा श्रीमान् हुँदा श्रीमान्लाई थाहा हुन्थ्यो भने अहिले छोराहरूलाई थाहा हुन्छ । उनले कहिल्यै किनमेल गरिनन् ।

माइतीघरमा जाँदा आमाले कहिलेकाहीँ लुकाएर दिएको रकमबाहेक तुलसाको हातमा कहिल्यै पैसा परेन न त कतैबाट पारिश्रमिकबापत नै पाएकी छिन् । आफू भातभान्सामै सीमित भए पनि छोराहरू विदेश पुगे । बुहारीहरूले ज्याला-मजदुरी गरेर कमाए । जीवनभरि चुलाचौकाकै सेरोफेरोमा रहँदा धुवाँ र धुलोले उनलाई दम रोगले च्यापेको छ । डाक्टरले 'चुलोछेउ नबस्नू' भने पनि उपाय छैन । पाठेघरमा मासु पलाएको उनी बताउँछिन् । तागत हुन्जेल मात्रै घरका मान्छेले चासो र माया दिने रै'छन् भन्ने अनुभव गर्न थालेकी छिन् ।

तुलसाजस्तै स्पन्देहीकी बेकुली थारु पनि उमेरले ६० नाघिसकिन् । उनको जीवन पनि चुलोचौकामै बित्न लाग्यो । १२ वर्षको उमेरदेखि नै घर सम्हालेकी उनले ६ छोराछोरी हुर्काइन् । नाति-नातिनाकी हजुरआमा पनि बनिन् । तर, उनले अहिलेसम्म भान्छाको काम र बालबच्चाको रेखदेख बाहेकका काम गरेकी छैनन् । बेकुलीलाई पनि साग-सब्जी र दाल-चामलको खर्च विवरण कहिल्यै थाहा भएन । श्रीमान् र छोराहरूले अड्कलेर दिएको कुरा नै उनले पकाइन् । पकाएर खान दिन्थिन् र खाना नपुग्दा कति रात उनी आफूचाहिँ भोकै सुत्थिन् । खाना मीठो नपकाएको निहुँमा धैरैपटक गालीगलौज पनि खेपिन् । बेकुलीलाई हातमा पैसा हुनेहरु बलिया हुन्छन् भन्ने लाग्छ । भान्सामा काम गर्ने मान्छे सबैभन्दा पीडित हुन्छ जस्तो लाग्छ । भन्छिन्, 'लोग्नेमान्छेको पेट भरेपछि रहलपहल खाना मात्रै हाम्रो भागमा पर्छ ।' कुनै दिन खाना मीठो नपाक्दा कुटपिटसमेत खेप्नुपरेको तीतो अनुभव छ उनको । उनी पनि दमले पीडित छिन् । पाठेघरमा क्यान्सर भएपछि शल्यक्रिया गरेर फालेकी छिन् ।

भौगोलिक दूरीका हिसाबले टाढा रहे पनि तुलसा र बेकुलीका पीडा फरक छैनन् । यातायात, शिक्षा र सञ्चारका हिसाबले सुविधायुक्त स्पन्देही र ती सबै हिसाबले विकट मानिने अर्घाखाँचीका महिलाको व्यथा साझा छ । सहरी क्षेत्रमा परिवर्तनका झलक देखिए पनि पितृसत्ताले जरा गाडेको हाम्रो समाजमा आमरूपमा गृहिणी महिलाको समस्या ज्युँकात्युँ छ । महिला अधिकारका लागि काम गर्ने सरकारी तथा गैरसरकारी निकायले गृहिणी महिलाको स्वास्थ्य, ज्याला-मजदुरीमा लागेकाहरूको निश्चित पारिश्रमिक, सुविधालगायतका विषय जोडतोडका साथ उठाएका छैनन् ।

नेपालमा महिलामाथि हुने हिंसामध्ये गृहिणी महिलामाथि हुने हिंसाका घटना ८० प्रतिशत रहेको तथ्याङ्क गैरसरकारी संस्था ओरेक नेपालले हालै सार्वजनिक गरेको छ । तथ्याङ्कमा उल्लेख भएअनुसार नेपालमा एक सय ९२ महिलाको हत्या भएको छ । दुई सय ११ जना महिला बलात्कृत भएका छन् । तीमध्ये २३ जना आफ्नै परिवारका सदस्यबाट बलात्कृत भएका छन् । बलात्कृतमध्ये १२ जनाले आत्महत्या गरेका छन् । ७५ जना महिलामाथि बोक्सीको आरोपमा कुटपिट तथा दुर्व्यवहार भएको छ । यो त एउटा संस्थाले समेटेको तथ्याङ्क मात्रै हो । समेटिन बाँकी समाजका यस्ता घटना असङ्ख्य होलान् ।

नेपालमा भान्साभित्रको धुवाँ र धुलोमै जीवन बिताएका महिलाको सङ्ख्या धेरै छ । जसका कारण दम र पाठेघरको क्यान्सरका रोगीको सङ्ख्या पनि अधिक छ । स्पन्देहीमा मात्र ०६८/६९ मा दमका रोगीको सङ्ख्या १४ हजार दुई सय १२ छ । त्यसमध्ये महिला रोगीको सङ्ख्या सात हजार पाँच सय १९ जना रहेको जिल्ला जनस्वास्थ्य कार्यालय स्पन्देहीले जनाएको छ । पाठेघरसम्बन्धी धेरै बिरामी भए पनि यसको यकिन तथ्याङ्क भने छैन । स्पन्देहीमा रहेको भैरहवा मेडिकल कलेजमा मात्र ६ महिनाको अवधिमा ५६ जना महिलाको पाठेघर खस्ने समस्याको उपचार गरिएको जिल्ला जनस्वास्थ्य कार्यालयको भनाइ छ ।

राज्यले महिलामाथि हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (सिड) मा हस्ताक्षर गरेको छ । त्यसको कार्यान्वयनका लागि नेपाल सरकारले कानुनमा उल्लेख गरी सिडमा भएका सबै बुँदालाई अवलम्बन गर्ने प्रतिबद्धतासमेत जनाएको छ । तर, कार्यान्वयन गर्ने निकायको अग्रसरता देखिएको छैन । जसमा कुनै व्यक्ति, सङ्घसंस्था, उद्यमबाट महिलाउपर हुने भेदभावलाई निर्मूल गर्न आवश्यक सबै उपाय अवलम्बन गर्ने भनिएको छ । यस्तै पुरूषसरह समानताको आधारमा मानव अधिकार तथा मौलिक स्वतन्त्रताको प्रयोग तथा उपयोग प्रत्याभूति गराउनका लागि महिलाको पूर्ण विकास तथा प्रवर्द्धन सुनिश्चित गर्न राज्य पक्षले सम्बद्ध क्षेत्रमा कदम चाल्नुपर्ने कुरा पनि उल्लेख छ । तर, नेपालले यी र यस्ता महत्वपूर्ण विषयमा हस्ताक्षर गरेअनुसार उपयुक्त कानुनी व्यवस्था नगर्दा गृहिणी महिलाले भोग्नुपर्ने हिंसा समस्या र चुनौतीको विषय बनिरहेको छ ।

*संचारिका फिचर सेवा*

## नेवानिको मलेसिया उडान सातै दिन

काठमाडौं/ नेपाल वायुसेवा निगम (नेवानि) ले मलेसियाको राजधानी क्वालालम्पुरमा १० चैतदेखि साताको सातैदिन नियमित उडान सुरू गरेको जनाएको छ । यसअघि साताको ६ दिन नियमित उडान भर्दै आएको निगमले क्वालालम्पुरका लागि एक उडान थप गरेको हो ।

काठमाडौंबाट राति ११:३० बजे प्रस्थान गरी भोलिपल्ट बिहान १०:३५ बजे त्रिभुवन विमानस्थलमा अवतरण गर्ने गरी उडान तालिका निर्धारण गरिएको छ । निगमले क्वालालम्पुरका ७ उडानका अतिरिक्त हङकङ प्रतिसाता ३, बैंकक प्रतिसाता २ र दोहा प्रतिसाता ४ वटा नियमित उडान भर्दै आएको छ ।

## वेलकेयरको स्वास्थ्यशिविर

काठमाडौं/ रातोपुलमा रहेको वेलकेयर हस्पिटलले डाँछी गाविसस्थित थलीमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ । अस्पतालले यसअघि विभिन्न ठाउँमा शिविर सञ्चालन गर्दै आएको छ । शिविरमा वृद्ध, बालबालिका, महिलालगायतले स्वास्थ्य परीक्षण गराएको अस्पतालले जनाएको छ । शिविरमा प्रसूति तथा स्त्रीरोग वरिष्ठ विशेषज्ञ डा. सविना आचार्यद्वारा महिलाको पाठेघरलगायत स्त्रीरोग जाँच तथा शल्यक्रिया, हाडजोर्नीका विशेषज्ञ डा. राजेश आचार्य, जनरल फिजिसियन डा. रजत प्रधान र डा. समिर मैनाली तथा वेलकेयर हस्पिटलको व्यवस्थापनबाट सक्रियतामा डेनमार्कबाट आएका चिकित्सकले स्वास्थ्य परीक्षण तथा परामर्श सेवा उपलब्ध गराएका थिए । शिविरमा ३ सय ५० ले स्वास्थ्य परीक्षण गराएको अस्पतालका प्रबन्ध निर्देशक कैलाश खड्काले बताए ।

## योग्यहरूको..

निर्वाचन गराउने रेग्मी सरकारको प्रतिबद्धतालाई गिरोहले सफलतापूर्वक सम्पन्न गराउन दिन सक्छ भन्ने ग्यारेन्टी छैन । निर्वाचन हुनका लागि वातावरण तयार हुनु पहिलो सर्त हो, तर अहिले सडक आन्दोलनमा रहेका नेकपा-माओवादीसहितका ३३ दलले उठाएका मागहरूका सम्बन्धमा चार दलले चुँसम्म बोलन सकेका छैनन् । चार दलको सहमति बेगर रेग्मी सरकारले सडक आन्दोलनमा रहेका दलहरूसँग वार्ता गरेपनि उचित निकास निकाल्न सक्ने क्षमता रेग्मी सरकारसँग छैन । चारदलको घेराभन्दा बाहिर रेग्मी सरकार जान नचाहेको खण्डमा रेग्मी सरकार पनि योग्यहरूको असफल सरकारमा परिणत हुन सक्ने सम्भावना बढेर गएको छ ।

चार दलीय घेराबाट रेग्मी सरकार बाहिर आउन सक्ने सम्भावना नदेखिएको हुनाले पूर्व प्रशासकहरूले पहिला आफुहरूले कमाएको प्रतिष्ठा र सम्मान पनि क्रमशः क्षतविक्षत हुँदै जाने सम्भावना देखिएको छ । यहि कारणले प्रश्न उठ्ने गरेको छ, सरकार चार दलको मात्र हो कि सम्पूर्ण नेपाली जनताको ! के चार दलबाहेक नेपालमा अन्य दल छैनन् । के चार बाहेकका अन्य सबै दलहरूले चार दलको चार दलीय सिन्डिकेटका विरूद्ध संघर्ष गरेमा त्यसलाई रोक्न सक्ने सामर्थ्य रेग्मी सरकारसँग छ ? चार दलबाहेक अन्यले निर्वाचनमा भाग नलिने उद्घोष गरेको खण्डमा त्यो निर्वाचन निर्वाचन हुन्छ कि हुँदेन ? निष्पक्ष र स्वतन्त्र अनि धाँधली रहित निर्वाचन गराउनको लागि मन्त्रिपरिषद्का अध्यक्ष रेग्मीले अन्य दलका मागका सम्बन्धमा वार्ता गरी सहमति गर्न पाउने अधिकार रेग्मीलाई छ ? हिजो आदेश पर्खिने व्यक्तिहरू अहिले आदेश दिने ठाउँमा पुगेका छन् । उनीहरूले हिजो पाएको आदेशमा जस्तै आज पनि चार दलको आदेश मात्र पर्खिए बस्ने कि ? आदेश दिन सक्ने हिम्मत राख्नछन् ? हिजोका पूर्व प्रशासकहरूमा पनि सिद्धान्त होलान, आदर्श होलान ति सबैलाई उनीहरूले सही रूपमा कार्यान्वयन गराउन पाउने कि नपाउने ? यी विविध कारणले गर्दा रेग्मी सरकार पनि साँचो अर्थमा भन्ने हो भने नेपाली जनताको लागि कागलाई बेल पाक्यो हर्ष न विस्मात जस्तो मात्र हो ।

नेपाली जनताको चाहना भनेको जतिसक्दो छिटो निर्वाचन भएर संविधान निर्माण होस् भन्ने नै हो । पछिल्लो समयमा सारा विश्व नै नेपालमा स्वच्छ, स्वतन्त्र र धाँधलीरहित निर्वाचन भएको हेर्न चाहिरहेको छ । तर यहाँ भने दलरूले चुनावी वातवारण तयार गर्न सकिरहेका छैनन् । एकीकृत नेकपा माओवादीबाट विभाजित भएको नेकपा-माओवादीले मुलुकभर नै संघर्षका कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । उसले पाँच सुत्रीय माग राखी आफ्ना मागहरू पुरा नभएको खण्डमा निर्वाचन हुन नदिने अडान लिँदै आफ्ना नेता तथा कार्यकर्ताहरूलाई त्यसै अनुरूप गर्न निर्देशन समेत दिएको छ । पूर्वी नेपाललगायत मुलुकका अन्य भागमा मतदाता नामावली संकलनमा अवरोध सिर्जना गरिएको छ । निर्वाचन आयोगका अनुसार अझै पनि १५ लाख मतदाताहरूको नामावली संकलन गर्न बाँकी रहेको अवस्थामा असार महिनामै निर्वाचन हुने सम्भावना न्यून भएपनि चार दलका नेताहरू असारमै निर्वाचन हुने डंक पिटिरहेका छन् । अर्को अर्थमा भन्ने हो चार दलका नेताहरूले निर्दलीय व्यक्ति खिलराज रेग्मीलाई मन्त्रिपरिषद्को अध्यक्ष बनाएको प्रमाणित गर्न पनि असारमा निर्वाचन हुने डंक पिट्नु उनीहरूको बाध्यता हो । तर, अहिलेकै अवस्था रहने हो र नेकपा-माओवादीसहितका अन्य साना दलको मागका बारेमा कुनै सम्बोधन नहुने हो भने असारमा त के मंसिरमा समेत निर्वाचन हुन सक्ने अवस्था छैन । यी सबै तथ्यहरूले गर्दा चार दलको चार दलीय सिन्डिकेट तोड्दै सबै दलहरूको सहभागितामा निर्वाचन गराउने दायित्व रेग्मीको भएको हुनाले चार दलको चार दलीय सिन्डिकेट तोड्नै पर्छ नत्र योग्यहरूको अयोग्य सरकारका प्रमुखको नाममा रेग्मीको नाम लेखिने प्रायः निश्चित रहेको छ ।

devendrachudal@gmail.com

# रेग्मी सरकार कठपुतली मात्र

*रोशनकृष्ण रञ्जितकार*

राजा महेन्द्रलाई मार्न बम हानिएपछि उनले भनेका थिए- यो के भयो ? आपसमा अविश्वास गर्ने नेताहरूले लोकतन्त्रमा प्रधानन्यायाधीशको नेतृत्वमा निर्दलीय सरकार बनँएपछि जनताका मुखबाट निस्कन थालेका छन्- यो के भयो ?

महेन्द्रले बमको धमाकाबाट त्रसित भएर त्यस्तो शब्द निकालेका थिए होलान् तर यसपटक राजनीतिक नेताहरूले बम बिस्फोट गराएका छन् र जनताको मन त्रासदीमा परेको हुनसक्छ । कस्तो बिडम्बना, ०६३ सालका जनआन्दोलनका महारथीहरू कायल भएछन्, असक्षम भएछन् । यस्ताले लोकतन्त्र र नयाँ नेपाल बनाउने रे ?

प्रचण्ड, जसले १७ हजार जनताको होली खेले तर उनले नयाँ नेपाल बनाउँछु र लोकतन्त्रको बिधि बसाल्छु भनेर कबुल गरेको थियो, असफल भयो । उनले प्रधानन्यायाधीशको हातमा सत्ता सुम्पेका छन् र संविधानको चुनाव गराउन यसो गरेको भनेका छन् । राजनीतिको काम न्यायाधीशले गर्ने, आफैमा आश्चर्य लाग्छ । यस्तो आश्चर्यपूर्ण राजनीतिक निर्णय गर्नुपूर्व विदेशी शक्तिको चलखेल पनि अनुभव गरियो । नेपालमा विदेशी शक्तिसम्म हावी भएको रहेछ कि दबाब आउनासाथ भिजेको परालजस्तो लल्याकलुलुक भए लोकतान्त्रिक नेताहरू । यस्तो अवस्था आउँदा राष्ट्रपतिको बुद्धी कुन घाँस चर्न गएको थियो ? यस्ता नेता तथा राष्ट्रपतिलाई जनताले गाई भन्ने कि गोरू ? अर्थात यसो भनौं, झगडा अनेक पार्टीका बाहुनबीच भइरहेको छ र जता गुलियो उतै बाहुन भुलियो । भनौं, चल्ता है काम । कसो ?

हवाट माने के, बट माने तर । लेकिन, परन्तु, किन्तु, आखिरमा प्रधानन्यायाधीश प्रधानमन्त्री बनिछाडे । उनको रिमोट शीर्ष चारशक्तिको हातमा छ । चारशक्ति आकाशवाणीबाट चलायमान हुन्छ । यस्तो अवस्थामा नेपाली स्वाधीनता र सार्वभौमिकता रक्षा गर्ने निर्वाचन कस्तो होला ? अहिले अयोग्य साबित भइसकेका यी नेताहरू चुनावपछि एकाएक कुन चमत्कार होला र योग्य बन्लान्, संविधान बनाउलान् ? सडकमा मन्त्रिपरिषदका अध्यक्ष र राष्ट्रपतिको पुतलामा आगो लाग्न थालेको छ भने शीर्ष राजनीतिक दलहरूको बिरोधमा निर्वाचन बहिरष्का गर्ने नारा पनि लाग्न थालेको छ । यस्तो अवस्थामा राजनीतिक सहमति कसरी बन्ने हो अनि निर्वाचन सुनिश्चित होला ?

जेहोस्, कहीं नभएको जात्रा हांडिगाउँमा भनेझैं खिलराज रेग्मी सत्तामा पुगिसके । उनले सत्तालाई स्वतन्त्र रूपमा चलाउन सकेनन् । चार दलको निर्देशन र सिफारिसमा चल्न थालेको दृष्टान्त देखाउन थालिसके । अर्काले चलाउने खिलराजले कसरी स्वतन्त्र र निष्पक्ष निर्वाचन गर्न गराउन सक्लान् ? निर्वाचनमा यिनै दल र यिनै नेता जाने हुन् । निर्वाचन जित्ने पनि यिनै हुन् । आज अविश्वास र अयोग्य बनेका यिनीहरू निर्वाचन जित्नेबित्तिकै कुन काँचुली फेर्छन् र यिनीहरू जनताप्रति जिम्मेवार होलान् ?

प्रश्न छ, चुनाव सरकार निर्माण गर्न कि संविधान ? अब खिलराजले प्रधानन्यायाधीशको जस्तै निष्पक्ष भएर उभिनु पर्छ, निर्वाचन गराएर संविधान निर्माण र घोषणा हुने वातावरण बनाउनु पर्छ । अन्यथा खिलराज पनि उही कानै चिरिएका आक्षेपबाट मुक्त हुनसक्ने छैनन् । जनता नयाँ, निष्पक्ष र स्वाधीन देशभक्त व्यक्तिको खोजीमा छ । जनताले त्यस्तो छवि पाउन सकेन भने खिलराज पनि जनताको घृणापात्र बन्न बेर छैन ।

त्यसैले प्रधानमन्त्री बनेका प्रधानन्यायाधीशज्यू, तपाईसँग कति साहस छ ? नभए आँट निकाली साहस गर्नुहोस्, यी अयोग्य असक्षम व्यक्तिहरूलाई सिर्फ ३ अथवा ४ महिने प्रधानमन्त्री बनेर पछि चुनावको परिणाम आउनासाथ सत्ता हस्तान्तरण नगरी संविधानसभाले संविधान बनाएर त्यसलाई जारी गर्ने काम पनि तपाई आफै गर्नुहोस् । नयाँ संविधानको व्यवस्था अनुसार अर्को चुनाव पनि तपाईंले आफै गराएर मात्र सो नयाँ जनादेश प्राप्त सरकारलाई मात्र हालको सत्ता हस्तान्तरण गर्नुहोला । यति साहस तपाईले गर्न नसके अहिले नै राजीनामा दिनु बेश हुनेछ । यति गर्न नसके मुलुकले तपाईंलाई राष्ट्रद्रोहको लान्छना लगाउनु पर्ने हुनजान्छ ।

अब आफ्नो रङ्गरूप देखाउने बेला भयो । असक्षम नेताहरूको आदेश मान्ने होइन, न्यायाधीशको निष्पक्षताको तराजु उचालेर खिलराजले ऐतिहासिक काम गर्नुपर्छ, अन्योल र गत्यारोधमा अल्झिएर गाँठो पर्दै गएको स्थितिलाई सम्हाल्नु पर्छ । यति भयो भने राजनीतिक दलहरूको धृतराष्ट्रे अन्धोपनमा दृष्टि फिर्ता हुनेछ र उनीहरू जनता तथा देशप्रति जिम्मेवार हुनथाल्नेछन् । के खिलराजबाट यति अपेक्षा गर्नु भूल हो ?

## "बजाज ह्यापी ७० ओपन क्यास पाम स्टाइल"

काठमाडौं/ नेपालमा बजाज मोटरसाइकलको आधिकारिक वितरक हंसराज हुलासचन्द एन्ड कम्पनीले नयाँ वर्ष ०७० अवसर पारेर 'बजाज ह्यापी ७० ओपन क्यास पाम स्टाइल' अफर सुरु गरेको छ ।

उपहार योजनाअन्तर्गत कुनै पनि बजाज मोटरसाइकल खरिद गर्ने हरेक ग्राहकले धेरै नगद पुरस्कार जित्न सक्नेछन् । ग्राहकलाई दिइने एउटा युनिककोडअंकित स्क्र्याच कुपनलाई आफ्नो मोबाइलमार्फत ५६५७ मा म्यासेज पठाउनुपर्नेछ ।

एसएमएसबाट पठाएको रकम ग्राहकले जिते एसएमएसबाटै जानकारी पाउन सक्ने कम्पनीले जनाएको छ ।

कम्पनीका कार्यकारी निर्देशक शेखर गोल्छाले अफर नयाँ वर्षलाई लक्षित गरी ल्याइएकाले ग्राहकको रोजाइमा पर्ने बताए ।


**मालसामान तथा सेवा खरिद बिक्री गर्दा बिल बिजक लिने दिने सम्बन्धी आन्तरिक राजस्व वभागको**

**अत्यन्त जरूरी सूचना**

**मूल्य अभिवृद्धि कर ऐन २०५२ बमोजिम वस्तु तथा सेवा बिक्री गर्दा बिक्रेताले क्रेतालाई अनिवार्यरुपमा विजक दिनुपर्ने र क्रेताले पनि विजक लिनु पर्ने व्यवस्था रहेको छ । विजक जारी गर्ने नगरेको अनुगमन गर्न आन्तरिक राजस्व विभाग तथा मातहत कार्यालयवाट वजारमा कर अधिकृत सहितको टोलीहरु खटाइएको छ । विक्रेताले विजक जारी गरेको नपाइएमा वा कारोवार मूल्य भन्दा घटीमा विजक जारी गरेको पाइएमा मूल्य अभिवृद्धि कर ऐन बमोजिम कर अधिकृतले प्रत्येक पटक रु. ५०००।-(पाँच हजार मात्र) तत्कालै जरिवाना गर्न सक्नेछ । त्यसैले प्रत्येक विक्रेताले वस्तु वा सेवा बिक्री गर्दा अनिवार्यरुपमा विजक जारी गर्न हुन र वस्तु तथा सेवा खरीद गर्दा क्रेताले आफूले तिरेको मूल्यको अनिवार्यरुपमा विजक लिन हुन अनुरोध छ ।**

नेपाल सरकार
**अर्थ मन्त्रालय**
**आन्तरिक राजस्व बिभाग**


## ग्लोबल आइएमई-अल अन्सारी एक्सचेन्ज रेमिट्यान्स सम्झौता

काठमाडौं/ ग्लोबल आइएमई बैंकले युएईमा रेमिट्यान्स कारोबार गर्दै आइरहेको अल अन्सारी एक्सचेन्जसँग रेमिट्यान्स सम्झौता गरेको छ । सम्झौतापछि युएईस्थित एक्सचेन्जका १२० शाखाबाट पठाएको रकम ग्लोबल आइएमई बैंकका ६३ शाखा कार्यालय र आइएमईका २ हजार ३ सयभन्दा बढी एजेन्टबाट भुक्तानी लिन सकिनेछ । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य र अल अन्सारी एक्सचेन्जका महाप्रबन्धक रसिद अलअन्सारीले हस्ताक्षर गरेका थिए । बैंकले कतार, युएई, भारत, कोरियालगायत विश्वका विभिन्न मुलुक र एक्सचेन्ज कम्पनीसँगको सहकार्यमा रेमिट सेवा प्रदान गर्दै आइरहेको छ ।

## सानिमा-हाना बैंक रेमिट सहकार्य

काठमाडौं/ सानिमा बैंक र हाना बैंकबीच दक्षिण कोरियाबाट सहज र सुलभ रुपमा नेपालमा रेमिट्यान्स रकम भित्र्याउन सहकार्य भएको छ । दुवै बैंकबीचको सम्झौताले कोरियामा बस्ने नेपालीले कमाएको रकम नेपाल पठाउन सहज तथा सुरक्षित माध्यम हुने सानिमा बैंकका प्रमुख कार्यकारी अधिकृत कुमार लम्सालले बताए ।

सानिमा बैंकका मुलुकभर २४ शाखा सञ्जाल छन् भने कोरियाको हाना बैंकका विश्वभर एक सयभन्दा बढी शाखा सञ्चालनमा छन् । बैंकले कोरियामा रेमिट्यान्स सेवा प्रवर्द्धनका लागि इसारा रेमिटलाई मार्केटिङ एजेन्ट नियुक्त गरिएको जनाएको छ ।

## सिजीको एयर कुलर बजारमा

काठमाडौं/ नेपालमा एलजी ब्रान्डका इलेक्ट्रोनिक्स सामग्री बिक्री गर्दै आएको सिजी इलोक्ट्रोनिक्सले सिजी-ए००४, सिजी-ए००१ र सिजी-ए००३ मोडलका एयरकुलर नेपाली बजारमा बिक्री सुरु गरेको छ । गर्मी मौसममा कोठाको तापक्रम चिसो बनाइराख्न उपभोक्ता सुविधाका लागि सिजी ब्रान्डका एयरकुलर बिक्री सुरु गरिएको कम्पनीले जनाएको छ ।

सुविधायुक्त सिजी ब्रान्डको मोडल सिजी-ए००४ सिरिजको कुलरमा ६ वटा बलियो ब्लेड, ३ वटा स्पिड कन्ट्रोल र पावरफुल मोटरजडित भएकाले चिसो हावा फाल्ने र ठूलो पानी ट्यांक र (वुड-वुलले) लामो समयसम्म तापक्रम चिसो राख्ने दाबी कम्पनीको छ ।

त्यस्तै, सिजी-ए००१ र सिजी-ए००३ मोडलका कुलर खरिद गर्दा ग्राहकले ट्रली पाउनेछन् । एकवर्षे वारेन्टीसहित कुलर नेपालभरका सिजी सोरुम र आधिकारिक डिलरसँग खरिद गर्न सकिनेछ ।

## युनाइटेड इन्स्योरेन्सको हकप्रद सेयर

काठमाडौं/ युनाइटेड इन्स्योरेन्स कम्पनी नेपालको गत आइतबार बसेको सञ्चालक समिति बैठकले आव ०६८/६९ को वित्तीय विवरण पारित गरेको छ । कम्पनीले सोही अवधिमा खुद नाफा १ करोड ९१ लाख आर्जन गरेको छ । कम्पनीको चुक्तापुंजी २५ करोड पुऱ्याउन १:१.५ का दरले हकप्रद सेयर जारी गर्ने निर्णय बैठकले गरेको विज्ञप्तिमा उल्लेख छ ।

## बट्टारमा एनबी बैंकको एटिएम

काठमाडौं/ नेपाल बंगलादेश (एनबी) बैंकले नुवाकोटको त्रिशूलीस्थित बट्टारमा एटिएम सेवा सञ्चालन गरेको छ । बट्टारसहित बैंकका एटिएम संख्या २६ पुगेका छन् ।

एटिएमको प्रमुख जिल्ला अधिकारी डुल्लुराज बस्नेतले उद्घाटन गरेका थिए । बैंकले उपत्यकामा कान्तिपथ, चाबहिल, लाजिम्पाट, ज्ञानेश्वर र थापाथलीका एटिएम लन्जबाट एटिएम सेवा दिँदै आएको छ ।

## हुन्डाईको कार मेनिया विजेता घोषणा

काठमाडौं/ नेपालका लागि हुन्डाई गाडीको आधिकारिक विक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टलले गत दसैं-तिहार अवसरमा सञ्चालन गरेको हुन्डाई 'दसैं-तिहारको शुभ कार मेनिया' बम्पर उपहार विजेता घोषणा गरेको छ ।

लक्की ड्रमार्फत सोमबार घोषणा गरिएका तीन विजेतामा क्रमशः विष्णु पौड्याल कुपन नं. ५९६, रविन्द्र राजभण्डारी कुपन नं. ४०१ र राजु श्रेष्ठ तथा रामकृष्ण श्रेष्ठ कुपन नं. १३६ ले बम्पर उपहारस्वरूप कार प्राप्त गरेका छन् ।

कम्पनीले बम्पर उपहार विजेतालाई इओन हुन्डाई गाडी उपहारस्वरूप उपलब्ध गराउनेछ । योजनामा हुन्डाई गाडी खरिद गर्नेले ३ लाखसम्म नगद छुटका साथै लक्की ड्रमार्फत ३ वटा हुन्डाई इओन गाडी बम्पर उपहारस्वरूप जित्नसक्ने व्यवस्था थियो ।

# क्रिश्चियन वा मुस्लिम आतंकवादीबाट सबै पीडित

*मार्क आन्द्रे बोइसभर्ट*

माली । पास्टर लुक सागाराले भक्तहरूको आइतबारे भेलालाई अभिवादन गर्नेक्रममा मालीको केन्द्र मोप्तीमा रहेको इभान्जेलीकल चर्चको प्रवेशद्वारका दुवैतर्फ सैनिकहरूले पहरा दिइरहेका थिए । यो पश्चिम अफ्रिकी मुलुकमा शरिया कानुन लागू गराइछाड्ने घोषित प्रतिबद्धता गरी ईस्लामी चरमपन्थीहरूले आक्रमण गर्न थालेपछि चर्चमा सैनिकहरूको उपस्थिति रहेको हो । "हामीले अहिले सुरक्षित महसुस गरेका छौं । फ्रान्सेली हस्तक्षेपसँगै हामी आशावादी छौं कि यी ईस्लामी चरमपन्थीहरूले हामीलाई आक्रमण गर्न सक्ने छैनन्," सागाराले आईपीएसलाई बताए ।

फ्रान्सले मालीका अन्तरिम राष्ट्रपति डिओनकाउन्डा ट्राउरेको अनुरोधमा जनवरी ११ मा सैनिक हस्तक्षेप गरेको थियो । खासगरी ६० किलोमिटर उत्तरपूर्वी मोप्तीको कोना सहरमा विद्रोहीहरू प्रवेश गरेपछि फ्रान्सेली सेना परिचालन गरिएको हो । ईस्लामिक चरमपन्थीहरु एकपछि अर्को सहर कब्जा गर्दै राजधानी बामाकोलाई नियन्त्रणमा लिई शरिया कानुन लगाउने र क्रिश्चियन एवम् उदारवादी मुस्लिमहरूलाई हत्या गर्ने योजनासाथ अघि बढेका थिए ।

अप्रिल २०१२ यता उत्तरी मालीमा सक्रिय ईस्लामिक माघरेबमा अलकायदा, पश्चिम अफ्रिकामा मुभमेन्ट फर युनिटी र जिहाद तथा मालीको दक्षिणपूर्वी भेगमा बसोबास गर्ने टुआरेग समुदायको अन्सार डाइन सशस्त्र समूहको गठबन्धन भएको थियो । यी विद्रोहीहरूले धार्मिक स्थल र चर्च भवनलाई ध्वस्त गर्नुका साथै कठोर शरिया कानुन लगाएका थिए । यसक्रममा उनीहरूले सार्वजनिक रूपमै मारपिट, हत्या र अङ्गछेदन गरेका थिए ।

अन्तर्राष्ट्रिय अधिकार समूह मानव अधिकार वाचले लडाकुहरुले व्यापकरूपमा लुटपाट, बालसैनिक भर्ती र महिला तथा युवतीको बलात्कार गरेको जनाएको छ । "हालैका साताहरूमा उत्तरी मालीमा सक्रिय सशस्त्र समूहहरूले अपहरण र अस्पतालमा लुटपाट मच्चाएर सर्वसाधारणलाई त्रसित बनाएका छन्," एचआरडब्लुमा वरिष्ठ अफ्रिकी अनुसन्धाता कोरिन डफ्काले अप्रिल २०१२ मा बताए । राष्ट्रसङ्घीय शरणार्थी एजेन्सीका अनुसार पछिल्लो द्वन्द्वले २५०,००० मानिसको आन्तरिक विस्थापन भएको छ । मोप्तीमा पनि उत्तरी क्षेत्रबाट भागेर मानिसहरु शरण लिन आइपुगेका छन् ।

अल्पसंख्यक धेरै क्रिश्चियनहरूले या मोप्ती छाडेका छन् वा ईस्लामिक अधीनको त्रासमा बाँचिरहेका छन् । मालीको कुल १ करोड ५८ लाख जनसंख्यामध्ये क्रिश्चियन समुदाय करिब पाँच प्रतिशत छ । सहरका स्थानीय इमाम अब्दुल्या माइगाले अतिवादीहरूबाट जुन कुनै धार्मिक निकटता भएका व्यक्ति पनि सुरक्षित नरहेको आईपीएसलाई बताए । "हामी सबै यी आतंकवादीबाट पीडित छौं । हामी सबै मालीका हौं र हामी सबै एकसाथ भाग्नु परेको छ," उनले बताए । उनको परिवारका सदस्यहरूले पनि उत्तरी मालीस्थित सबैभन्दा ठूलो सहर गाओ छाडेका छन् । "मेरो परिवार यहाँ आइपुग्दा उनीहरूले आफूसँगै एउटा क्रिश्चियन परिवारलाई पनि साथमै लिएर आएका छन् । हामीले उनीहरूलाई हाम्रा केही परम्परागत लुगा'टा ऋणमा दिएका छौं ताकि आतंकवादीहरूले उनीहरुलाई कुनै समस्याबेगर यताउता हिँड्डुल गर्न दिऊन् ।"

मध्य मालीस्थित मुक्त पारिएको दियाबालीमा पास्टर डानिएल कोनाटेले ईस्लामी अतिवादीहरूलाई लखेटिएपछि पहिलोपटक क्रिश्चियन सर्भिसको तयारी गर्दैछन् । चर्चको पर्खालमा लेखिएको छ, "एकमात्र अल्लाह छन्" र ईस्लामिक अधीनको झल्को दिने किसिमले चर्चको भुइँमा बन्दुकका गोली छरपस्ट रहेका छन् । तर कोनाटे केही नलेखिएको यस भवनमा चर्च रहेको कुरा ईस्लामी विद्रोहीहरूले कसरी थाहा पाए भन्ने कुराबाट अझै पनि आश्चर्यचकित छन् किनभने त्यस भवनमा चर्च जनाउने कुनै पनि चिन्ह छैनन् । "हाम्रो विचारमा केही मानिसले यो चर्च हो भनी बताइदिए," त्यहाँ भेला भएका ३० जना जति भक्तहरूका अघिल्तिर कोनाटेले बताए । त्यसपछि एउटा गीत गाएर चर्चको नियमित कार्य आरम्भ भयो, "ईश्वरले कसैलाई धोका दिनुहुन्न । यो त मानिस नै हो जसले ईश्वरलाई धोका दिने गर्दछ ।"

स्थानीयवासीले डियाबालीमै खटाइने गरिएका दुईजना पूर्व उच्चतहका माली सैनिकहरु नै ईस्लामिक समूहमा रहेको देखेपछि ईस्लामिक लडाकुलाई स्थानीयको सहयोग पनि रहेको स्थानीय समुदायलाई विश्वास भएको छ । अहिले, विगतमा एकअर्कासँग शान्तिपूर्वक रहेका छिमेकीहरु पनि आफू-आफूबीच शंका गर्न थालेका छन् । सहर कब्जा गर्नेक्रममा डियाबालीको बाहिरपट्टी रहेको पास्कल टुरेको सानो चारकोठे घरमा २७ जना क्रिश्चियन शरणार्थीहरूले लुकेर ज्यान जोगाएका थिए । "क्रिश्चियनहरु रहेबसेका ठाउँहरु बताइदिनु स्वाभाविक थियो । स्थानीयहरूबीच हरेकले अवश्य नै चिन्छन्," उनले आईपीएसलाई बताए । तर क्रिश्चियन धर्ममा लागेका टुरे भने अटल छन् र उनी प्रतिशोधले समाधान निस्कन्न भन्ने पक्षमा छन् । ती शरणार्थीले टुरेको घर छाडेर डियाबालीस्थित आ'नै घर 'र्किसकेका छन् । तर क्रिश्चियनहरूका निम्ति यस सहरको जीवन विगतकै जस्तो हुनेछैन । तथापि केहीमा भने यहाँको विगतमा रहेको शान्तिपूर्ण अवस्था पुनः हासिल हुने कुरामा पूरै विश्वास छ । उनीहरु आशावादीरूपमा विश्वास गरिरहेका छन् कि द्वन्द्व हुनुअघिकै अवस्था पुनः प्राप्त हुनेछ । बेकरी ट्राउरे नामका एकजना मुसलमान त्यस्तै धारणा भएका व्यक्तिमध्येका एक हुन् ।

"क्रिश्चियनहरुमाथि लक्षित गरिएको थियो । तर डियाबाली पूरै नै पीडित भएको छ । ईस्लामिक चरमपन्थीहरूले शरिया कानुन पूरै लगाउने समय नै पाएनन्, तर यदि उनीहरुले त्यसो गरेको भए सबैजनाले पीडा खेप्नु पर्थ्यो । उनीहरु सफल हुन सकेनन् । साथै अहिले विगतमा झैं मिलेर बस्न सक्ने अवस्था छ ।"

***(आई.पी.एस./एन्.पी.आई.)***

## गृहमन्त्री घिमिरे सशस्त्र प्रहरी बलमा

काठमाडौं । गृह तथा परराष्ट्रमन्त्री माधवप्रसाद घिमिरेले सशस्त्र प्रहरी बल प्रधान कार्यालयको निरीक्षण गरेका छन् । सो अवसरमा उनले सशस्त्र प्रहरी बलबाट भए गरेका कामकारवाहीबारे जानकारी लिएका थिए । त्यसअवसरमा सशस्त्र प्रहरी महानिरीक्षक कोषराज वन्तले नागरिकको सेवा र सुरक्षामा सशस्त्र प्रहरी बलले गरेका कामकारवाहीबारे जानकारी गराएका थिए । उनले त्यसैअवसरमा सशस्त्र प्रहरी गराए ।

महानिरीक्षक वन्तले सशस्त्र प्रहरी बलले आसन्न संविधान सभाको निर्वाचनलाई लक्षित गरी सुरक्षा सुदृढिकरणतर्फ समेत ध्यान पुर्‍याएको तथा सशस्त्र प्रहरी बल प्रधान कार्यालय, बाहिनीहरू लगायत एपीएफ इकाईहरुमा निर्वाचन सेल गठन गरी चौविसै घण्टा केन्द्रीय निर्वाचन सेलमा सम्पर्क रहने व्यवस्था मिलाइएको जानकारी गराएका थिए । उनले निर्वाचनलाई ध्यानमा राखेर अनुशिक्षण प्रशिक्षण संचालन गर्नेतर्फ संगठनले ध्यान पुर्‍याएको कुरा उल्लेख गर्दै निर्वाचनको बेला सशस्त्र प्रहरी बलको सम्पूर्ण जनशक्ति तथा स्रोतसाधन प्रत्यक्ष एवं परोक्ष रुपमा परिचालित रहने उल्लेख गरे ।



महानिरीक्षक वन्तले निर्वाचनलाई शान्तिपूर्ण, निश्पक्ष, स्वतन्त्र र भयरहित बातावरणमा सम्पन्न गर्न सशस्त्र प्रहरी कर्मचारी शारीरिक र मानसिक रूपमा तयारी हालतमा रहेको जानकारी गराउँदै विगतका निर्वाचनमा देखिएका समस्याका बारेमा समेत जानकारी गराए ।

गृह तथा परराष्ट्रमन्त्री घिमिरेले सशस्त्र प्रहरी बल प्रधान कार्यालयको निरीक्षणपछि सशस्त्र प्रहरी बलका उच्च अधिकृत तथा काठमाडौं उपत्यकास्थित बलका इकाईका प्रमुखहरू एवं एपीएफ अधिकृत, विल्लादार तथा जवानहरुलाई निर्देशन सम्बोधन गर्दै सशस्त्र प्रहरी बलले बाह्र वर्षको अवधिमा आफ्नो कामकारवाही मार्फत संगठनको औचित्यता पुष्टि गरिसकेको बताए । बलको महत्वपूर्ण भूमिकाकै कारणले सरकारले हालैमात्र राजस्व तथा औद्योगिक सुरक्षाको जिम्मेवारी सुम्पिएको बताउँदै गृह तथा परराष्ट्रमन्त्री घिमिरेल सीमा क्षेत्रमा सशस्त्र प्रहरी बलको परिचालन पछि राजस्व बृद्धिदर अत्यन्तै बढेको छ, बलको यो योगदान प्रशंसा योग्य रहेको बताएका छन् ।


गाउँसम्म आयो नूनं, यसले लगायो धेरै गुन



आयोडिनको कमीबाट हुने विकृतिहरू
१. गर्भ तुहिने, मृत शिशु जन्मिने, अंगभंग भएको शिशु जन्मिने, जन्मेको शिशु चाँडै मर्न सक्ने ।
२. बच्चाहरू बहिरा, लाटा, लठेउरा, बामपुड्के, डेडो आदि हुन सक्ने ।
३. पढाइमा कमजोर भई पटक पटक फेल हुनुका साथै खेलकुदमा समेत पछाडि पर्न सक्ने ।
४. गलगाँड आउने, सुस्तमनस्थिति हुने ।
५. आयोडिनको कमीले क्षत्ता Level कम हुने ।
६. आयोडिनको कमी भएमा मानिसहरूमा आलस्यपन आउने, काम गर्न क्षमतामा कमी आउने ।
७. आयोडिनको कमीबाट गाईवस्तुले दूध कम दिने ।
आयोडिनको कमीबाट हुने विकृतिहरू उपचार गराउन हटाउन सकिँदैन । त्यस्ता विकृति आउन नदिन एकमात्र उपाय आजैदेखि आयोडिनयुक्त दुई बालबालिकाको चिन्ह अंकित

दुई बालबालिका चिन्ह अंकित आयोडिनयुक्त पाकेटका नून सधै प्रयोग गर्नुहोस् ।

साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड
केन्द्रीय कार्यालय : पो.ब.नं. ४८३, कालिमाटी, काठमाडौं, नेपाल
फोन नं. : ४२७०३१५, ४२७१०१४, ४२७१२०८, फ्याक्स नं. : ९७७-१-४२७१७०४, ४२७१३९५

## प्रचण्डलाई...

'आकाशवाणी' भयो र रामचन्द्र झा वनबास जान तयार भएनन् । प्रचण्ड उल्टो लोप्पा खाएर फर्कनु पर्‍यो ।

बल्खु दरबारबाट खबर आएको छ कि एमालेका शीर्ष नेताहरू र रामचन्द्र झाबीच गम्भीर छलफल सुरू भएको छ । झाका असन्तुष्टिहरूलाई एमालेले संवोधन गर्ने बचन दिएको छ, त्यसैले रामचन्द्र झाको बढ्दो कदम रोकिएको हो ।

यसैबीच भ्रष्टाचारको जेल सजाय भोगेर निस्किएका जयप्रकाश गुप्ताले चुनाव विथोल्दै मधेशीहरूको हक स्थापित गर्न राजविराजबाट आन्दोलन गर्ने शंखघोष गरेका छन् ।

## वैद्यको...

हामी कात्रो बाँधेर निस्कन्छौं । नेकपा-माओवादीले असंवैधानिक तवरले संविधानको संशोधन, सरकार गठन प्रक्रियाको विरोध र चुनाव विथोल्न साना ३३ दलको मोर्चा पनि बनाएको छ ।

यो अवस्थामा चुनाव घोषणा गर्दा सुरक्षा संयन्त्रलाई कडा पार्नुपर्ने हुन्छ । विधिको शासनका पक्षधर, आचारसंहिताले बाँधिएका प्रधानन्यायाधीश- सरकार प्रमुखले चुनाव विरोधी गतिविधिमा लाग्नेमाथि संख्त कारबाही अथवा गोली हान्नेसम्मको आदेश दिनुपर्ने हुन्छ । चुनाव विथोल्ने अभियानमा जुटिसकेको नेकपा-माओवादीलाई सफाया गर्न विदेशी शक्ति र चारदलीय संयन्त्रले निर्देशन दिए खिलराज रेग्मी रक्तपात मच्चाउन तयार होलान ? त्यो आँट खिलराजमा होला ? यस कारण पनि खिलराजको निद्रा हराम हुन पुगेको छ ।

## कांग्रेस...

र संविधानसभाको पुनस्थापनाका पक्षधरहरूले टिकट नपाउने संकेत देखिएपछि आन्तरिक कलह बढेको छ ।

सभापति सुशील कोइराला र नेताद्वय शेरबहादुर देउवा र रामचन्द्र पौड्लका निकट नेताहरू आफ्नै हैसियत र हक जमाउन व्यापक दौडधुप गरेको दृश्य रोचक देखिन थालेको छ ।

## उजुरी दिने...

निवेदन सचिवालयमा दिन सक्ने व्यवस्था गरिएको छ । नयाँ नियमावलीमा उपसेनानीदेखी उपरथीसम्मको बढुवामा चित्त नबुझेकाको निवेदन आएमा वरिष्ठ रथीको अध्यक्षतामा छानविन समिति बनाएर छानविन गर्ने प्रावधान राखिएपनि अहिले छानविन नै नगरी प्रधानसेनापति राणाले बढुवा गरेका व्यक्तिहरूको फाइल सदरका लागि रक्षा मन्त्रालयमा पठाएका छन् ।

आफूहरू वरिष्ठ र योग्य हुँदा हुँदै पनि बढुवामा आफूहरू छुटेको भन्दै सैनिक सचिवालयमा निवेदन दिने ९ मध्ये ८ प्रमुख सेनानीहरूले चैत्र २ गते सर्वोच्च अदालतमा रिट निवदेन समेत दिएका छन् । उनीहरूले रिट निवेदनको अन्तिम टुंगो नलागेसम्म सिफारिस भएका अन्य सैनिक अधिकृतलाई बढुवा नगराउन अन्तरिम अदोशको समेत माग गरेका छन् । सैनिक मुख्यालयले फागुन १४ गते १६ जना प्रमुख सेनानीलाई नयाँ नियमावली फास्ट ट्रयाक बढुवा अन्तर्गत महासेनानीमा बढुवाको लागि सिफारिस गरेको थियो । सर्वोच्चमा रिट निवेदन गर्नेहरूले बढुवा कार्यान्वयन भइहाल्छ कि भन्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र रक्षा मन्त्रालयलाई समेत विपक्षी बनाएका छन् । तर सर्वोच्च अदालतमा न्यायाधीशहरूको कमीका कारण पेशी चढ्दै मुद्दा पर धकेलिएको छ ।

स्मरणरहोस् अहिले फुल कर्णेल पदमा बढुवा हुनेहरू नै केही वर्षपछि नेपाली सेनाको प्रधानसेनापति बन्ने भएको हुनाले राणाले आफ्ना मान्छेलाई प्रधानसेनापति बन्ने बाटो खोल्नैका लागि नयाँ नियमावली बनाएर फास्ट ट्रयाक बढुवाको माध्यमद्वारा बढुवा गर्ने निर्णय गरेर फाइल रक्षा मन्त्रालय पठाएका छन् । अदालतमा मुद्दा परेपछि अदालतको निर्णय पर्खिनुपर्ने कानुनी बाध्यता भएपनि प्रधानसेनापति राणाले हतारहतार फाइल रक्षा मन्त्रालय पठाउनुले उनी नेपाली सेनाको हितलाईं भन्दा व्यक्तिगत स्वार्थमा लिप्त भएको प्रमाणित हुँदै गएको एक पूर्व सैनिकले बताएका छन् । नयाँ सैनिक नियमावली जारी हुनु भन्दा अगाडि रित्त रहेका पदमा समेत पछि जारी भएको सैनिक नियमावली लागु गरेर बढुवा गर्नु स्वतः कानुन विपरित भएको एक सुत्रको दाबी रहेको छ । नयाँ सैनिक नियमावली माघ १० मा जारी भएको थियो । आफुहरू बढुवामा नपरेको भन्दै सैनिक सचिवालयमा निवदेन दिने ९ जना प्रमुख सेनानीहरूलाई राणाको निर्देशनमा चेतावनी दिएको र सैनिक अनुशासन पालना नगरेको भन्दै उनीहरूलाई सचेतपत्र समेत थमाइएको सुत्रले दाबी गरेको छ । यसरी प्रधासेनापति राणाले नेपाली सेनालाई व्यवसायिक संगठनभन्दा व्यक्तिगत महत्वकांक्षा पुरा गर्ने अखडा बनाउने हुन कि भन्ने प्रश्न समेत उब्जिएको छ ।

## सत्यनिरुपण...

तर राष्ट्रपतिद्वारा स्वीकृत अध्यादेशमा पीडितलाई सोध्दै नसोधी पनि पिडकलाई उन्मुक्ति दिन सक्ने प्रावधान राखिएको पाएपछि न्यायका लगि आफूसहित अन्य पीडितका केही परिवारहरू न्यायालयको शरणमा न्याय माग्न आएको बताएका छन् । गम्भीर किसिमका मानवअधिकार अपराधमा दोषी देखिएकालाई पनि आममाफी दिन तयार पारिएको उक्त अध्यादेशप्रति आपत्ति जनाउँदै अधिकारीसहितका पीडित पक्षले न्यायालयको ढोका ढकढक्याएका छन् । टुहुरा समाजका अध्यक्ष समेत रहेका सुमन अधिकारीसहित द्वन्द्वपीडित आठ संस्थाका पदाधिकारीहरूले संयुक्त रिट दायर गर्दै अध्यादेशका गैरकानुनी प्रावधानहरू बदर गर्न माग गरेका छन् ।

त्यसरी रिट निवेदन दर्ता गर्नेहरूमा बाग्लुङका रामकुमार भण्डारी, लमजुङका सुमन श्रेष्ठ, बर्दियाका भगीराम चौधरी, सुनसरीका रूपेश साह, काभ्रेकी गीता रसाइली, रामेछापका ज्ञानेन्द्रराज आरण, प्रकाशचन्द्र श्रेष्ठ, काठमाडौं कीर्तिपुरकी सिर्जना श्रेष्ठ र काठमाडौंका पशुपति कार्की रहेका छन् । उनीहरूले दायर गरेको रिट निवेदनमा अन्तर्राष्ट्रिय प्रचलन, मान्यता र मापदण्डविपरितका प्रावधानले दण्डहीनतालाई झनै प्रोत्साहन दिने र पीडितको घाउमा नुनचुक छर्कने भएकाले अदालत जानु परेको उल्लेख छ । राष्ट्रपतिद्वारा जारी गरी चैत्र १ गते राजपत्रमा प्रकाशित उक्त अध्यादेशका दफा १३, २३, २५ र २९ लाई बदर गर्न उनीहरूले माग गरेका छन् । यस अघिपनि यस्तै खालको रिट निवेदन सर्वोच्च अदालतमा अधिवक्त माधव बस्नेतले दायर गरेका भएपनि त्यसको सुनुवाई हुन सकेको छैन । उल्लेखित दफाहरूमा पिडकलाई उन्मूक्ति दिन सकिने प्रावधान राखिएको छ ।

## असारमा...

गठन भएको नेकपा-माओवादीले निर्वाचनमा भाग लिनका लागि ५ वटा सर्त अगाडि सारिसकेको र ति सर्तहरू पुरा नभएको खण्डमा आफूसहित अन्य धेरै दलहरूले निर्वाचन बाहिष्कार गर्ने घोषणा गरिसकेको अवस्थामा असारमा निर्वाचन हुने कुरामा विश्वास गर्न सकिने आधारहरू देखिएका छैनन् । पूर्वीपहाडमा केही जातिवादी संगठनहरूले मतदातहरूको नामावली संकलन कार्यमै अवरोध सिर्जना गरिरहेका र तराईका केही जिल्लाहरूमा समेत त्यस्तै अवरोध सिर्जना भएको हुनाले असारमा निर्वाचन हुने कुरामा आशंका जन्मिएको हो । निर्वाचनका लागि निर्वाचन आयोग गठन पहिलो खुड्किलो भएपनि त्यसका विरूद्धसमेत सर्वोच्चमा मुद्दा परिसकेको र भोली सर्वोच्चले आयोगका पदाधिकारीको नियुक्ति नै असंवैधानिक ठहर गरेको खण्डमा निर्वाचनको अवस्था कस्तो होला ?

नेपालको अन्तरिम संविधान संशोधन गरेर पहिला नै ६ वर्षे कार्यकाल पुरा गरिसकेका व्यक्तिलाई निर्वाचन आयोगको पादधिकारीहरूमा नियुक्त गर्नुपर्ने आवश्यकता दलहरूलाई किन पर्‍यो ? उनीहरूले संवैधानिक निकायमा किन पुरानै व्यक्तिहरूलाई सिफारिस गरे ? कहिंकतै चार दलले भोलि निर्वाचनमा धाँधली गरी फेरि मुलुकलाई चार दलीय सिन्डिकेट प्रणाली लागू गर्ने त होइनन् भन्ने प्रश्न समेत उठ्न थालेको छ । चार दलको सहमतिमा गठन भएको संवैधानिक परिषद् र उनीहरूकै सिफारिसमा पूर्णता पाएको निर्वाचन आयोग स्वच्छ, स्वतन्त्र र धाँधलीरहित निर्वाचन गराउँछ भन्ने ग्यारेण्टी के ? यी सबै तथ्यहरूले गर्दा चार दलको नियतमाथि अन्य दलहरूले शंका उपशंका गर्नु स्वभाविक हो । सडक आन्दोलनमा गएका दलहरूको मागका बारेमा चार दलले एक शब्दसम्म बोलेका छैनन् । बरू उनीहरूलाई प्रतिगामी र प्रतिक्रियावादीहरू भन्दै बलेको आयोगमा घिउ थप्ने कार्य गरेको हुनाले रेग्मी नेतृत्वको सरकार चार दलकै कारण असफल र असक्षम हुने सम्भावना बढेर गएको छ । रेग्मी सरकारका मन्त्रीहरू पूर्वप्रशासक र अनुभवी भएपनि उनीहरू चरदलको नियन्त्रणमा भएका हुनाले उनीहरूले स्वतन्त्र रूपमा कार्य गर्न नसक्ने र चार दलको आदेश तामेली मात्र गर्ने तामेलीदार मात्र बन्न सक्ने खतरा बढेर गएको छ । निर्वाचन मुलुकका लागि पहिलो आवश्यकता हो । तर आवश्यकता हो भन्दैमा चार दलको मात्र सहमतिमा निर्वाचन गराउन खाजिएको खण्डमा त्यसले समस्याको समाधान होइन उल्टो मुलुकलाई मुठभेडको अवस्थामा लैजान सक्छ भन्ने हेक्का चार दलका शीर्ष नेताहरूमा हुनै पर्दछ । निर्वाचनमा सबै दलले भाग लिनै पर्दछ, जनताले आफूले रोजेका दलहरूलाई मत दिन सक्ने वातावरण बनाउने दायित्व सरकार र निर्वाचन अयोगको नै हो । त्यसमा दलहरूको सहयोग अनिर्वाय हुन्छ । तर पछिल्लो अवस्था हेर्दा त्यस्तो हुने संभावना न्यून रहेको छ ।

## भ्रष्टाचार...

पहाड, हिमालमा युवायुवतीहरू बैदेशिक रोजगारीमा जाने र विदेशी नाबालिग अंगीकृत नागरिकका बालिग सन्तानहरू निर्णायक मतदाता बनेपछि सन्निकट चुनावको पल्ला कता भारी होला ? परिणाम कसको पक्षमा जाला ?

यतिसम्म ज्ञान र राजनीतिक धर्म राख्न असफल राजनीतिक दलहरू निहीत स्वार्थका लागि राष्ट्रको बली चढाउने सहमति गर्न पुगेका छन् । प्रधानन्यायधीश जस्तो व्यक्ति निर्दलीय प्रधानमन्त्री बन्न तयार भए । आश्चर्य छ, यस्तो राष्ट्रघाती सहमति प्रति उनी मौन छन् ।

स्वतन्त्र न्यायालय र निष्पक्ष न्याय अपरिहार्य छ । भ्रष्टाचार गर्न पाउन्जेल चुप लाग्ने मधेसी मोर्चा सत्ताबाट बाहिरिनु पर्दाको पीडा मधेसी मुद्दाको रूपमा उठाउँदा पनि न्यायधीशले गलत सहमतिमा स्वीकृति जनाउने ? यो त आफैंमा राष्ट्रघात भएन र ?

## चारदलीय...

थियो भने गएको जेठ १४ गते भित्रै संविधान बनिसक्थ्यो । लौ, त्यस समयमा सकिएन रे ! कमसेकम नयाँ चुनावको तोकिएको समय अर्थात् गएको मंसिर ७ सम्ममा त नयाँ संविधानसभाको चुनाव गर्न सक्नु पर्दथ्यो नि ! आखिर त्यो समय कामचलाउ प्रधानमन्त्री बाबुरामको सरकारले तोकेको समय थियो । त्यसबाट पनि स्पष्ट हुन्छ कि यहाँ चुनाव भएर संविधान निर्माण भएको र मुलुक स्थिरता तिर उन्मूख भएको कसैलाई चाहिएको छैन । न त देशी, न विदेशी । अब अहिले नै हेरौँ न, हुने भनिएको चुनावलाई विथोल्न नेकपा-माओवादीलगायत 'भूमिबाहिर' रहेका केही उग्र वामचिन्तन बोकेका साना दल र 'भूमिगत' रहेका ( खासगरी तराईमा) सशस्त्र दलहरू र पूर्वी पहाडमा लिम्बूवानलगायतको बहिष्कारको नारा अझ सशक्त ढंगले आउँदा दिनहरूमा देखिने सम्भावना बढी छ । यी बहिष्कारवादीहरूलाई चुनावमा भाग लिएर केही सिट जित्नुभन्दा पनि, समानुपातिकमा केहीसिट च्याँखे पर्नुभन्दा पनि अहिलेका (कथित) प्रमुख दलहरूभन्दा आफूलाई भिन्न देखाउनु र तिनलाई चुनौती दिएर जनताका सामू आफ्नो छुट्टै अस्तित्व र शक्ति देखाउन सक्नु नै ठूलो उपलब्धि हुनेछ । त्यसका लागि पनि यो बहिष्कारको नारा अझ सशक्त ढंगबाट उछालिनेछ र चुनावलाई बिथोलेर आफूहरूलाई राष्ट्रिय राजनीतिको केन्द्रवन्दूमा स्थापित गराउन भरमग्दुर कोशिश हुनेछ । त्यसैको फलस्वरूप पूर्वको मोरङतिर चुनावी चलखेलहरूलाई बिथोल्न थालिइसकिएको छ । प्रष्ट भन्नुपर्दा, हुने भनिएको संविधानसभाको दोस्रो चुनाव एउटा भाँडभैलोबाहेक अरू केही हुनै सक्दैन । यो चुनाव भइहालेमा यसले मुलुकमा अरू थप समस्यालाई सिर्जना गर्नेछ, समाधान त कता हो कता ?

त, गर्नुपर्ने के थियो भने सरकार गठनका सम्बन्धमा अनतरिम संविधानमा व्यवस्था भएको 'धारा-उपधारा'हरूलाई सामान्य 'छेडखानी'मात्र गरेर दलीय सरकार नै खडा गर्नुपर्थ्यो न कि भूतपूर्व कर्मचारीहरूको झुण्ड । अहिले त यहाँ चुनाव गर्ने नाममा र राष्ट्रिय सहमतिको नाममा अन्तरिम संविधानको पूरै कायापलट गराएर 'नयाँ संविधान' खडा गरिएको छ । जसमा प्रधान्न्यायाधीश चैं प्रधानमन्त्री हुने र भूतपूर्व निजामती कर्मचारीहरू चैं मन्त्री हुने ! वास्तवमा ती चार प्रमुख भनिएका दलमा एक अर्काप्रति शंका थियो भने साना दलहरूमा 'सहमति' गरेर प्रधानमन्त्री दिन सकिन्थ्यो । तर के गर्ने ? कता को इशारा र आदेश हो कुन्नी ! यस्तो गाईजात्रे काम गरियो र मुलुकलाई फेरि द्वन्द्वतिर लैजाने कार्यको सुरूवात गरियो ।

...हुन पनि हो, चार दलको सिण्डिकेट र ती राष्ट्रपतिले चाहेमा जे पनि हुने ? देश, जनताको भावनाको कुनै चासो र मतलव नै छैन ? त्यसकारकाण पनि बहिष्कारवादीहरूप्रति एकथरि जनताको सहानुभूति र समर्थन जानसक्ने प्रबल सम्भावना छ । एक त, पहिलो संविधानसभाको क्रियाकलापहरूको कटुअनुभव र अहिलेको गैरसंवैधानिक तरिकाबाट गरिन लागिएको चुनावलाई लिएर मौका ढुकेर बसिरहेकाहरूलाई थप उर्जा मिलेको छ- आफूहरूलाई स्थापित गराउन । हेरौं त, अधिकार प्राप्तिका लागि हिजोसँगै राज्यसँग लडेकाहरू आज एक-आपसमै 'वार' गर्न खोजिरहेका ! वास्तवमा अदृश्य खेलाडीले खुब खेलाएको छ- हाम्रा नेता अनि यी कथित प्रमुख राजनीतिक दलहरूलाई । त्यसकारण पनि विश्वस्त हौं कि यो हुने भनिएको चुनाव मुलुकलाई बर्बादीतिर धकेल्ने कारण बाहेक अरू केही हुन सक्दैन । यो कुरालाई मनन गरौं ।

फागुनदेखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगोबाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाईटर मट्टितेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाबारे सम्झाईबुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९, बजार व्यवस्थापक : मनोज खड्का (९८४१८१६०७६) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार